**Teacher Wanted**

| S.N. | Subject | Level | Req. | Qualifi. |
|---|---|---|---|---|
| 1 | Science | Basic (6-7) | 1 | +2, Science |
| 2 | English | Basic (3-7) | 2 | +2,Major English |
| 3. | Aaya Didi | | 1 | |

**Note:**

Priority should be given for experienced Dedicated & self-motivated candidate.

**BRIGHT STAR E. SCHOOL**

Ram Mandir, Barahisthan -4, Bhaktapur

Ph.No : 016615203, 01-6612708, 9851059689

*Admission Open from Nursery to class-7*



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९



वर्ष : २६ ★ अङ्क : ९१ ★ ने. सं. ११४४ चौला थ्व, पूर्णिमा ★ मङ्गलबार ★ ११ वैशाख, २०८१ ★ April 23, 2024, Tuesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


## इजरायली सेनाको कुकर्म : खान युनिस अस्पतालमा १९० शवसहितको सामूहिक चिहान फेला



खान युनिस, २२ अप्रिल (टेलिसुर)। गाजा पट्टीका अधिकारीहरूले पछिल्लो घण्टामा खान युनिस (दक्षिण) को अस्पतालको आँगनमा एउटा नयाँ सामूहिक चिहान फेला पारे, जहाँबाट आइतबार १९० शवहरू बरामद गरिएको छ।

इजरायली कब्जाकारी सेनाहरू सहरबाट पछि हटेपछि उद्धार टोलीहरूले खान युनिसको अल-नासेर मेडिकल कम्प्लेक्समा रहेको सामूहिक चिहानबाट सयौं प्यालेस्टिनीहरूको शव निकाले।

सिभिल डिफेन्सले रिपोर्ट गरेको छ कि कम्प्लेक्समा फेला परेको सामूहिक चिहानबाट लगभग १९० प्यालेस्टिनीहरूको शव फेला परेको छ। धेरैजसो मृतकहरूलाई मार्नुअघि नाङ्गो पारिएको थियो। पीडितहरूमा अधिकांश महिला र बालबालिका छन्।

गाजा सरकारको मिडिया कार्यालयका प्रमुखले भने, "व्यवसायले आफ्नो अपराध लुकाउन नासेर कम्पाउन्डको पर्खालभित्र एउटा चिहान तयार पारेको छ।"

प्यालेस्टिनी अधिकारीहरूले गाजा पट्टीका लगभग २,००० बासिन्दाहरू बेपत्ता भएको पुष्टि गरे र कम्पाउन्डको नरसंहारमा मात्र ५०० जना बेपत्ता भएका थिए, जसले कब्जाकर्ताले व्यवस्थित र जानाजानी तरिकाले गाजाका मानिसहरूविरुद्ध लागू बेपत्ता र जातीय सफाया प्रयोग गरिरहेको सङ्केत गर्दछ।

सोही निकायले कतिपय शव खरानीमा परिणत हुने अवस्थामा वाष्पीकरण भएको भन्दै उक्त व्यक्तिले कस्तो किसिमको हतियार प्रयोग गरिरहेको छ भन्ने थाहा पाउन अन्तर्राष्ट्रिय संस्थाको सहयोग र हस्तक्षेप आवश्यक रहेको स्पष्ट पारेको छ।

"सामूहिक चिहानहरूमा हामी नासेर कम्प्लेक्स भित्र कब्जाको लागि मृत्युदण्ड दिइएको ६०० सहिदहरू फेला पार्ने आशा गर्दछौं", उनले भने।

उनले भने, "केही सहिदको शव किन वाष्पीकरण र कुहियो भन्ने कुरा पत्ता लगाउन अन्तर्राष्ट्रिय छानबिनको माग गर्दछौँ। उनले केही शव टाउकोविहीन, छालाविहीन वा चोरीका अङ्गहरू भएको पनि उल्लेख गरे।

गाजामा मृत्यु हुने प्यालेस्टिनीको सङ्ख्या ३४ हजारभन्दा बढी

गाजा पट्टीमा जारी इजरायली आक्रमणमा परी मृत्यु हुने प्यालेस्टिनीको सङ्ख्या ३४ हजार १५१ पुगेको हमास शासित गाजास्थित प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले सोमबार जानकारी गराएको

*बाँकी पृष्ठ २ मा*

## समाजको हित नभई व्यक्तिगत हित पनि स्थायी नहुने

भक्तपुर, १० वैशाख। "मानिस सामाजिक प्राणी भएको कारण सामाजिक परिवेशले हरेक व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभावित परिरहेको हुन्छ। समग्र समाजको हितबिना व्यक्तिगत सफलता प्राय: अल्पकालीन हुने गर्छ।" उक्त विचार नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले सिपाडोलमा सम्पन्न युवा भेलामा व्यक्त गर्नुभएको हो।

समाजका टाठाबाठा, शोषक, सामन्तहरूले सोझासाझा जनतालाई राजनीति गर्न नहुने भनी भ्रमको षड्यन्त्रको राजनीति गर्ने तर आफू भने भित्रभित्रै राजनीतिक धरातल बलियो बनाउँदै भएभरको राजनीतिक फाइदाहरू लुटिरहेको यथार्थ बिर्सन नहुने यथार्थ उहाँले औँल्याउनुभयो।

समाजमा हेपिएका, दबाइएका, सोझासिधा निमुखा, गरिब, मजदुर जनता र तिनका नयाँ पुस्ताको आर्थिक, सामाजिक, राजनीतिक शिक्षासँगै प्रगतिशील साहित्यहरूको अध्ययन र साङ्गठनिक भावनाको विकल्प नभएकोमा उहाँले जोड दिनुभयो।

भेलामा नेमकिपा सूर्यविनायक-८ सिपाडोलका अध्यक्ष श्यामसुन्दर सुवालले नेक्रायुसङ्घ पार्टीको हातखुट्टासरह भएको कारण युवाहरूको सक्रियताले मात्र पार्टी अगाडि बढ्न सक्छ भन्नुभयो।

नेक्रायुसङ्घ तेस्रो सूर्यविनायक नगर सम्मेलन तयारी समितिका संयोजक रोशन मचामसीले बोल्नुभएको उक्त युवा भेलाले रागीव ख्याजुको अध्यक्षतामा नेक्रायुसङ्घ सूर्यविनायक -८ वडा समिति गठन गर्‍यो।


## तराईमा अत्यधिक गर्मी हुने तातो लहरबाट बच्न अनुरोध

काठमाडौँ, १० वैशाख (रासस)। जल तथा मौसम विज्ञान विभागले विगत केही दिनदेखि देशका अधिकांश भूभागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिक रूपमा वृद्धि भइरहेकोले गर्मी बढी हुने जनाएको छ। विभागले लुम्बिनी प्रदेश तथा मधेस प्रदेशको तराई भूभागका थोरै स्थानमा विगत दुई दिनदेखि तथा सुदूरपश्चिम प्रदेशको तराईका भूभागको थोरै स्थानमा विगत एक दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको भन्दै तापक्रम बढ्ने हुँदा सचेत हुन सोमबार विशेष बुलेटिन सार्वजनिक गर्दै अनुरोध गरेको छ।

विभागको मौसम पूर्वानुमान महाशाखाले जारी गरेको उक्त बुलेटिनमा आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्थाको विश्लेषणअनुसार तराईका भू-भागमा अत्यधिक गर्मीको सम्भावना रहने भएकोले आवश्यक तयारी गर्न तथा आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ।

"ती भूभागमा आगामी ५ दिन (२०८१ वैशाख १० गते देखि २०८१ वैशाख १४ गते) सम्म तातो हावा तथा तातो लहरको सम्भावना रहको हुनाले सोको असरबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ। साथै पहाडी

*बाँकी पृष्ठ ८ मा*



**वैशाख १५ गते हुने सुदूरपश्चिम प्रदेशसभाअन्तर्गत बझाङ जिल्लाको क्षेत्र नं. १ (क) को उपनिर्वाचनको क्रममा नेमकिपाको निर्वाचन प्रचार अभियान। प्रचार अभियानअन्तर्गत सोमबार तलकोट गाउँपालिकाको बस्ती गाउँमा चुनावी सभा भयो भने कुँवर गाउँ, सुनीगाड, रूपातोला गाउँमा मतदातासँग भेटघाट कार्यक्रम भयो।**

***तस्बिर : मजदुर दैनिक***


**सर्पदंश (सर्पको टोकाई) बाट बच्न...**

- घर वरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँको व्यवस्थापन गरौं,
- घर वरिपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाट/खटिया वा चौकी वा पलङ्गमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# मनमैजुमा अजिमा जात्रा सुरु



**मनमैजु जात्रा :**
तारकेश्वर नगरपालिका-९ स्थित मनमैजुमा सोमबार लिङ्गो ठड्याउँदै स्थानीय । वैशाख शुक्ल पूर्णिमाको अघिल्लो दिन लिङ्गो ठड्याएपछि मनमैजु जात्रा सुरु हुने गर्छ । उक्त जात्रा पाँच दिनसम्म चल्ने गर्दछ । *तस्बिर : हरिराम भेटुवाल/रासस*

काठमाडौँ, १० वैशाख (रासस) । ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्त्व बोकेको तारकेश्वर नगरपालिकाको प्राचीन नेवार बस्ती मनमैजुमा सोमबारदेखि अजिमा जात्रा सुरु भएको छ ।

जात्राको पहिलो दिन सोमबार तारकेश्वर महादेवको जङ्गलमा रहेको सल्लाको रुखलाई विधिपूर्वक पूजा गरी काटेर ल्याई लिङ्गोका रूपमा मन्दिर अगाडि ठड्याएर अजिमाको जात्रा सुरु गरिएको हो । धर्मस्थली जात्रा सकिएलगत्तै चैत्र शुक्ल चतुर्दशीका दिन लिङ्गो ठड्याएर सोमबार विधिवत रूपमा जात्रा सुरु गरिएको नेवा:गुठी मनमैजुका गुठीयार भक्तमान महर्जनले जानकारी दिनुभयो ।

पाँच दिनसम्म चल्ने मनमैजु जात्रामा मनमैजु अजिमालाई खटमा विराजमान गराई टोलटोलमा लगेर स्थानीयले पूजा गर्ने चलन छ । पाँच दिनमध्ये तीन दिन खटजात्रा, एक दिन मनमैजु देवीको मन्दिरमा पूजाआजा र एक दिन भजनकीर्तन गरी मनाइने महर्जनले बताउनुभयो ।

जात्राको पाँचौं दिन अर्थात् वैशाख १४ गते लिङ्गो ढालेर जात्रा समाप्त गरी देवीलाई विधिवत पूजा गर्ने चलन छ । मनमैजुको जात्रा बालाजु बाइसधाराको जात्रासँग पनि अन्तर सम्बन्धित रहेको छ । बालाजुको बाइसधारामा स्नान गरेर मनमैजु देवीको दर्शन गरेमा आफूले चिताएको कुरा पुग्छ भन्ने धार्मिक जनविश्वास रहेको छ ।

महर्जनका अनुसार फुसिंख्य:मनमैजु जात्रामा अजिमा स्वयं धामीको रूपमा प्रकट भई जात्रामा सरिक हुने परम्परा हजारौं वर्षअघिदेखि चल्दै आइरहेको छ । अजिमा धामी हुनेले जामालगाई अजिमा द्य:को पात्र समाति पूजा थाप्दै रथ अगाडि हिँड्छन् । अजिमा द्य: (धामी) हुनेलाई अजिमाको शक्ति आफैं जागेर आउने गरेको स्थानीय बताउँछन् ।

मनमैजु देवीको नामबाटै यस गाउँको नाम मनमैजु रहन गएको उल्लेख रहेको पाइन्छ । उक्त जात्रा ऐतिहासिक लिच्छवी राजा गुण कामदेवको पालादेखि इन्द्रायणी देवीका रूपमा मानिएको मैजु माईको सम्झनामा सुरु गरिएको हो । मनमैजु जात्राका लागि तारकेश्वर नगरपालिकाले समेत सहयोग गरेको छ । नगरप्रमुख कृष्णहरि महर्जनले जात्रा व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्री नगरपालिकाले सहयोग गरेको बताउनुभयो ।

# मन्त्रिपरिषद् बैठकद्वारा नेपाल सरकार र कतार सरकारबिच हुने विभिन्न समझदारीपत्रहरू स्वीकृत

काठमाडौँ, १० वैशाख (रासस) । सरकारले अर्थमन्त्रालयको प्रस्तावमा कोशी प्रदेशमा पदमार्गमा आधारित पर्यटन विकास परियोजना कार्यान्वयनका लागि स्विस सरकारबाट प्राप्त हुने ९० लाख १० हजार स्विस फ्याङ्क र कोरिया अन्तर्राष्ट्रिय सहयोग निकाय (कोइका) बाट पोखरा महानगरपालिकाका लागि अमेरिकी डलर ९८ लाख बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मन्त्रिपरिषद्को सोमबारको बैठकले सो निर्णय गरेको जानकारी दिनुभयो । बैठकले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा २०८१ वैशाख १५ र १६ गते काठमाडौँमा आयोजना हुने नेपाल चीनको तिब्बत व्यापार सहजीकरण समितिको १२ औँ बैठकको पूर्वकार्यसूची स्वीकृत गर्ने र उक्त बैठकमा सहभागी हुन मन्त्रालय सहसचिवको संयोजकत्व वार्ताटोली गठन गर्ने निर्णय गरेको उहाँले बताउनुभयो ।

गृह मन्त्रालयको प्रस्तावमा विपद्बाट क्षति भएका तथा जोखिममा रहेका निजी आवास प्रबलीकरण, पुनर्स्थापना तथा पुनर्निर्माण गर्न तीन तहका सरकारको सहलगानी हुनसक्ने गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली संशोधन गर्ने निर्णय बैठकले गरेको सरकारको प्रवक्ता शर्माले जानकारी दिनुभयो ।

नेपाल सरकार र कतार सरकारबिच हुने विभिन्न समझदारीपत्रहरु स्वीकृत गर्ने र समकक्षीलाई हस्ताक्षर गर्न स्वीकृत दिने निर्णय पनि मन्त्रिपरिषद् बैठकले गरेको छ । लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको उहाँले बताउनुभयो ।

त्यसैगरी, सचिव मधुकुमार मरासिनीलाई अर्थ मन्त्रालयको सचिवमा र डा. कृष्णहरि पुष्करलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवका रुपमा जिम्मेवारी तोक्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलको निमन्त्रणामा मित्रराष्ट्र कतारका अमिर शेख तमिम बिन हमाद अल थानी वैशाख ११ र १२ गते नेपालको राजकीय भ्रमणका क्रममा २०८१ वैशाख ११ गते मङ्गलबार देशभर सार्वजनिक बिदा दिने निर्णय पनि बैठकले गरेको छ ।

यही वैशाख ६ गतेको मन्त्रिपरिषद्का बैठकका निर्णयहरु पनि प्रवक्ता शर्माले आजै सार्वजनिक गर्नुभएको छ ।

उक्त बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा २०८१ साल वैशाख १० देखि १२ गतेसम्म थाइल्यान्डको बैङ्ककमा आयोजना हुने फुड लेबलिङ वर्कशपमा भाग लिन राष्ट्रिय योजना आयोगका सदस्य प्राध्यापक शिवराज अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय भएको छ । त्यसैगरी, २०८१ वैशाख १० देखि १४ गतेसम्म थाइल्यान्डको बैङ्ककमा आयोजना हुने एसिया तथा प्यासिफिक क्षेत्रको आर्थिक तथा सामाजिक सहकार्यसम्बन्धी कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा. रमेशचन्द्र पौडेललाई सहभागी हुने स्वीकृत प्रदान गर्ने निर्णय गरेको थियो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा आगामी जेठ १५ देखि १७ गतेसम्म मलेसियाको क्वालालम्पुरमा आयोजना हुने कार्यक्रममा सहभागी हुने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवलाई स्वीकृति बैठकले दिएको प्रवक्ता शर्माले जानकारी दिनुभयो ।

नेपाल आयल निगमको कार्यकारी निर्देशकको मासिक तलब र अन्य सुविधा तोक्ने, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको प्रस्तावमा सिँचाइको विकास तथा व्यवस्थापन गर्ने र नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृत दिने निर्णय बैठकले गरेको उहाँले बताउनुभयो ।

प्रवक्ता शर्माले आगामी जेठ १४ देखि १७ गतेसम्म आयोजना हुने सानाटापु विकासशील राष्ट्रको सम्मेलनमा परराष्ट्र मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृत प्रदान गर्ने तथा नेपाल-बङ्गलादेश द्विपक्षीय परामर्श संयन्त्रको तेस्रो बैठकको कार्यसूची स्वीकृत गर्ने र उक्त बैठकमा भाग लिन परराष्ट्र मन्त्रालयका सचिव नेतृत्वको नेपाली प्रतिनिधिमण्डल गठन गर्ने बैठकले निर्णय गरेको जानकारी दिनुभयो ।

कतारका अमिर शेख तमिम बिन हमाद अल थानीको नेपालको राजकीय भ्रमण कार्यक्रम स्वीकृत गर्ने र कतारी पक्षसँग हुने वार्ताको नेतृत्व प्रधानमन्त्रीले गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको थियो ।

नेपाल र कतारबिच युवा तथा खेलकुद क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्र र शिक्षा तथा वैज्ञानिक अनुसन्धानका क्षेत्रमा हुने सहकार्यसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने निर्णय बैठकले गरेको प्रवक्ता शर्माले जानकारी दिनुभयो । शनिबारबाहेक अन्य सार्वजनिक बिदाका दिनमा समेत गोश्वारा हुलाक कार्यालय, हुलाक निर्देशनालय र जिल्ला हुलाक कार्यालयहरु सञ्चालन हुने, उपमहालेखापरीक्षक पदमा नायब महालेखापरीक्षक बैकुण्ठबहादुर अधिकारीलाई बढुवा गर्ने र राष्ट्रिय मानव अधिकार आयोगको सचिवमा मुरारीप्रसाद खरेललाई नियुक्त गर्ने निर्णय बैठकले गरेको उहाँले बताउनुभयो ।

# मौसमी प्रकोप प्रतिकार्य अभ्यास भाग-२ सम्पन्न

**- गौरव लामिछाने**

भक्तपुर, १० वैशाख । सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हेडक्वाटर गुहेश्वरी, भक्तपुरको समन्वय र जिल्लास्थित सुरक्षा निकाय तथा सरोकारवाला निकायहरूको संयुक्त सहकार्यमा वैशाख ६ गतेदेखि ९ गतेसम्म मौसमी प्रकोप प्रतिकार्य कृत्रिम घटना अभ्यास भाग -२ चाँगुनारायण-१, सरस्वतीखेलस्थित सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हेडक्वायर गुहेश्वरी, भक्तपुरको प्राङ्गणमा सम्पन्न भयो ।

मनसुनको समयमा घट्न सक्ने प्रकोपलाई मध्यनजर गर्दै विभिन्न उद्धार विधिको सैद्धान्तिक र प्रयोगात्मक अभ्यास गर्दै सो कार्यक्रम सम्पन्न भएको हो ।

उक्त अभ्यास नेपाली सेनाको केन्द्रबक्स गण, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको गुहेश्वरी गण, नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखा तथा जुद्ध बारुण यन्त्र भक्तपुरका तालिम प्राप्त दक्ष उद्धारकहरूको संलग्नतामा सम्पन्न भएको हो । उक्त अभ्यास मौसमी प्रकोपअन्तर्गत पहिरो तथा आगलागीमा हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्नको लागि भएको हो ।

चारदिने उक्त घटना अभ्यासको पहिलो, दोस्रो र तेस्रो दिन विपद् व्यवस्थापन र प्राथमिक उपचारसम्बन्धी सीप तथा क्षमताको आदानप्रदान र प्रयोगात्मक अभ्यास जिल्लास्थित सुरक्षा निकाय तथा सरोकारवाला निकायहरूबिच गरिएको थियो भने चौथो दिन मौसमी प्रकोपी प्रतिकार्य कृत्रिम घटना अभ्यास भएको थियो ।

कार्यक्रममा अतिथिहरूले अभ्यासले भविष्यमा आउनसक्ने प्रकोपलाई प्रतिकार्य गर्न क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । घटना अभ्यासमा संलग्न तालिम प्राप्त उद्धारकहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

# सिपाडोल सीएलसीद्वारा एकदिने तालिम

भक्तपुर, १० वैशाख । सिपाडोल सामुदायिक सिकाइ केन्द्रको आयोजनामा सोमबार 'एकदिने मिठाइ बनाउने तालिम सिपाडोलको कपलीमा सम्पन्न भयो ।

नजिकिँदै गरेको मातातीर्थ औसीलाई मध्यनजर गर्दै महिला दिदीबहिनीहरूले घरमै पकाएको ताजा र स्वस्थकर मिठाइले आफ्नो आमा र परिवालाई अझ खुसी बाँड्न सकोस् भन्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको सिकाइ केन्द्रका पूर्वअध्यक्ष रोशन मचामसीले व्यक्त गर्नुभयो ।

बजारमा धेरै समयअगाडि नै पकाएका बासी मिठाइ तथा अखाद्य तत्त्वहरू मिलाइएको मिठाइले मानव शरीरमा नकारात्मक असर पार्ने हुँदा यसलाई न्यूनीकरण गर्नुका साथै स्थानीय महिला दिदीबहिनीमा सीपको विकास गराई उद्यमशील बनाउनेजस्ता सामाजिक उत्तरदायित्व बहन गर्दै सिपाडोल सामुदायिक सिकाइ केन्द्रले सो तालिम आयोजना गरेको हो ।

# खुला मेयर कप फूटबल प्रतियोगिता वैशाख १५ गतेदेखि

ललितपुर, १० वैशाख (रासस) । प्रथम उपत्यकाव्यापी अन्तर नगरपालिका खुला मेयर कप फुटबल प्रतियोगिता वैशाख १५ गतेदेखि सुरूआत हुने भएको छ ।

गोदावरी नगरपालिकाद्वारा गोदावरी-१० स्थित खेलमैदानमा आयोजना हुने सो प्रतियोगितामा काठमाडौँको नौ स्थानीय तहको नौ, ललितपुरको चार स्थानीय तहको पाँच र भक्तपुरको एक स्थानीय तहबाट एक टोली सहभागिता रहनेछ ।

प्रतियोगिताका बारेमा जानकारी दिन सोमबार आयोजित पत्रकार सम्मेलनमा प्रतियोगितामा विजेता र उपविजेता टोलीले नगद पुरस्कार क्रमश : रु. पाँच लाख, रु. तीन लाखसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । साथै अनुशासित टोलीलाई रु. ५० हजार 'म्यान अफ दी म्याच' लाई रु. ५० हजारका साथै उत्कृष्ट गोलकिपर, डिफेन्स, फरवार्ड, सर्वाधिक गोलकर्ता प्रशिक्षकलाई रु. २५ हजार नगद पुरस्कार प्रदान गरिने जानकारी दिइयो ।

पत्रकार सम्मेलनमा गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जन नगरमा खेल पर्यटनको विकास गर्न प्रतियोगिता आयोजना गरिएको बताउनुभयो ।

सो अवसरमा नगर प्रवक्ता मिलन सिलवाल र प्रतियोगिता संयोजक निरोज बज्राचार्यले प्रतियोगिताका बारेमा जानकारी दिनुभयो । प्रतियोगिताका लागि गोदावरी नगरपालिकाले रु. २५ लाख बजेट विनियोजन गरेको बताइएको छ ।

*इजरायली...*

छ ।

मन्त्रालयद्वारा जारी एक विज्ञप्तिमा भनिएको छ, "इजरायली सेनाको आक्रमणमा पछिल्लो २४ घण्टामा ५४ जना प्यालेस्टिनीको मृत्यु हुनुका साथै १०४ जना घाइते भएका छन् ।

गत वर्षको अक्टोबर ७ मा प्यालेस्टिनी इस्लामिक लडाकू समूह हमासले इजरायलको दक्षिणी सिमानामा एक्कासि आक्रमण गरी करिब एक हजार २०० जनाको ज्यान लिएको थियो भने २५० भन्दा बढी व्यक्तिलाई अपहरण गरेको थियो ।

मन्त्रालयको तथ्याङ्कअनुसार हमास आक्रमणको बदलामा जारी इजरायल-हमास द्वन्द्वमा मृत्यु हुनेको सङ्ख्या ३४ हजार १५१ पुगेको छ भने यस क्रममा ७७ हजार ८४ जना घाइते भएका छन् ।

भारी बमबारी र उद्धारकर्मीको अभावका बिच केही पीडितहरू भग्नावशेषमुनि रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । इजरायलले सन् २०२३ अक्टोबर ७ मा दक्षिणी इजरायली सीमामा भएको हमासको आक्रमणको बदला लिन गाजा पट्टीमा हमासविरुद्ध ठूलो मात्रामा आक्रमण सुरु गरेको थियो ।

जसमा लगभग १,२०० व्यक्तिको मृत्यु भएको थियो र २०० भन्दा बढीलाई बन्धक बनाइएको थियो ।

# अत्यधिक गर्मी बढेपछि तराई मधेसको जनजीवन प्रभावित

धनुषा, १० वैशाख । अत्यधिक गर्मी बढेपछि धनुषासहित तराई-मधेसको जनजीवन प्रभावित भएको छ । एक सातादेखि अधिकतम् तापक्रम ३८ देखि ४२ डिग्री सेल्सियसको हाराहारीमा पुग्न थालेपछि जनजीवन प्रभावित भएको हो ।

गर्मीका कारण दिउँसोतीर मुख्य बजार सुनसान हुन थालेका छन् भने सरकारी कार्यालयमा सेवाग्राहीको सङ्ख्यासमेत घट्न थालेको छ । अहिले बालबालिका, ज्येष्ठ नागरिक र रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका व्यक्तिलाई अझ बढी समस्या भएको चिकित्सकको भनाइ छ ।

प्रादेशिक अस्पताल जनकपुरधामका प्रवक्ता डा. कृष्णदेव दासले अहिले स्वास्थ्य संस्थामा घाउ, खटिरा, टाइफाइड, ज्वरो, झाडापखालालगायत रोगका बिरामीको चाप बढ्न थालेको बताउनुभयो । डा. दासले भन्नुभयो, “गर्मी बढेसँगै धनुषामा ‘हिट स्ट्रोक’ अर्थात् ‘लू’ लाग्ने जोखिमसमेत बढ्दै गएको छ । यसले दिउँसोका समयमा दैनिक ज्यालादारी तथा कडा श्रम गर्ने व्यक्तिलाई समस्या हुने देखिन्छ । त्यसैले सबैले आफ्नो स्वास्थ्यको ख्याल गर्न जरूरी छ ।”

अहिले तातो हावाका कारण टाउको दुख्ने, शरीर शिथिल हुने, घाँटी दुख्ने, आँखा पोल्नेजस्ता स्वास्थ्य समस्यासमेत बढ्दै गएका छन् । यस्तै, तातो हावा चल्दा तरकारी, मकैलगायतका बालीनालीसमेत सुक्न थालेका छन् ।

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरका रामदेव बनरैतले तातो हावाहुरीका कारण मौसमी फल आँप, लिची र लहरे तरकारीखेती प्रभावित भएका बताउनुभयो । गर्मीले जनजीवन प्रभावित भए पनि चिसो पेयपदार्थको माग भने बढेको छ । ***रासस***



**सिक्टा सिँचाइ-नहर**

राँझा (बाँके) । बाँकेको राप्ती सोनारी गाउँपालिका-३ बैजापुरस्थित सिक्टा सिँचाइको पूर्वी मुख्य नहर । यो नहरबाट राप्ती सोनारी र नरैनापुरसम्म सिँचाइ सुविधा पुऱ्याउने योजना रहेको छ । *तस्बिर : भेषराज बस्नेत/रासस*

# आगो लागेर घर खरानी भएपछि बिचल्ली

अर्घाखाँची, १० वैशाख । अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-३ रातामाटाकी बसन्ता मल्ल आइतबार घरको खरानी सोहोर्दै हुनुहुन्थ्यो । शनिबार लागेको आगोले उहाँको घरसहित अन्नपात र लत्ताकपडा खरानी बनाएपछि उहाँलगायत टोलका १६ परिवारको बिचल्ली भएको छ ।

“घर एक्कैछिनमा खरानी भयो । गाँसबासको टुङ्गो छैन । कहाँ बस्ने कहाँ खाने,” आँशु झार्दै मल्लले भन्नुभयो ।

स्थानीय गङ्गाबहादुर विकको पनि मल्लको जस्तै पीडा छ । उहाँले भन्नुभयो, “घरमा रहेको गरगहना, अन्न कपडा, लालपुर्जा, नागरिकता सबै जलेर नष्ट भयो । घरमा रहेका कुनै पनि वस्तु बचाउन सकिएन ।”

बसन्ता र गङ्गाबहादुर मात्र हैन धारापानीमा शनिबार आगलागीमा परेर घर जलेका १३ परिवार अहिले खुला आकाशमुनि बस्न बाध्य छन् । आगोले भूमिकास्थान नगरपालिका धारापानीको रातामाटा, जाबुनडाँडा, बाजाखर्क, फलामखिल्जीलगायत गाउँमा आगोले १६ घर र १० गोठ जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी दीपेन्द्र रावलले जानकारी दिनुभयो । बस्तीमा पसेको आगो निभाइए पनि वनमा अझै पूर्णरूपमा निभाउन सकिएको छैन ।

प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले गाउँमै गएर डढेलोले घर गुमाएका परिवारलाई खाद्यान्न सामग्री वितरण गर्नुभएको छ । आगलागीबाट घर नष्ट भएका रातामाटा क्षेत्रका १६ परिवारलाई जिल्ला प्रशासन कार्यालयको पहलमा उद्योग वाणिज्य सङ्घले खाद्यान्न सामग्री उपलब्ध गराएको हो । उद्योग वाणिज्य सङ्घका जिल्ला अध्यक्ष प्रदीप मिश्रले चामल, दाल, तेल, नुनलगायत खाद्य सामग्री वितरण गरिएको बताउनुभयो ।

आगोले गाउँनै सखाप भएको छ । जिल्लाका विभिन्न स्थानमा शनिबार लागेको आगलागीबाट ४३ घर गोठ जलेर नष्ट भएका छन् । शनिबार भूमिकास्थान नगरपालिका, शीतगङ्गा नगरपालिका र पाणिनी गाउँपालिकामा डढेलोले २० घर र २३ गोठ जलेर नष्ट भएका छन् भने ११ बाख्रा र ६ भैँसी मरेका छन् । ***रासस***

# माथिल्लो अरुण र दूधकोसीको सुरुङ खन्न पनि टीबीएम प्रयोग गर्ने तयारी

काठमाडौँ, १० वैशाख । नेपाल विद्युत् प्राधिकरणले एक हजार ६३ मेगावाट क्षमताको माथिल्लो अरुण र छ सय ३५ मेगावाटको दूधकोशी जलविद्युत् आयोजनाको सुरुङ खन्न टनेल बोरिङ मेसिङ (टिबिएम) प्रयोग गर्ने तयारी सुरु गरेको छ ।

टिबिएममार्फत भेरी बबई र सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाका सुरुङ खन्दा सफल र प्रभावकारी देखिएपछि उक्त प्रविधिलाई माथिल्लो अरुण र दूधकोशी जलविद्युत् आयोजनामा पनि प्रयोगमा ल्याउन लागिएको हो ।

अर्धजलाशययुक्त माथिल्लो अरुण जलविद्युत् आयोजनाको मुख्य सुरुङको लम्बाइ आठ दशमलव चार किलोमिटर छ । दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको सुरुङको लम्बाइ १३ किलोमिटर छ । निर्माणको अधिकांश समय खर्च हुने जलविद्युत् आयोजनाहरूको सुरुङ हाल ड्रिलिङ गरी विस्फोटक पदार्थको प्रयोग गरी विस्फोट गराएर निर्माण हुँदै आएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिका प्रबन्ध-सञ्चालक फणिन्द्रराज जोशी, दूधकाशी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत विमल गुरुङ सम्मिलित टोलीले सुनकोशी मरिण आयोजनाको स्थलगत अवलोकन गरी टिबिएममार्फत खनिएको सुरुङको जानकारी लिएको छ ।

टोलीले टिबिएमको प्राविधिक पक्ष, यसको प्रयोग गर्दा बेहोर्नुपरेका समस्या तथा चुनौतीहरू, भौगर्भिक जटिलता, लागत तथा समय, कामको गुणस्तर, प्रभावकारितालगायतका विषयमा आयोजना व्यवस्थापन र निर्माण व्यवसायीसँग छलफल गरी जानकारी लिएको थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले सिँचाइका दुईवटा आयोजनाहरूको सुरुङ टिबिएममार्फत खन्दा समय थौरै लागेको र काम पनि गुणस्तरीय देखिएकाले उक्त प्रविधिलाई ठुला सुरुङ भएका दुई जलविद्युत् आयोजनाहरू प्रयोगमा ल्याउन लागिएको बताउनुभयो ।

घिसिङले माथिल्लो अरुण र दूधकोशी जलविद्युत् आयोजनाहरूको वित्तीय व्यवस्थापन अन्तिम चरणमा पुगेको र अब निर्माणका लागि बोलपत्र आह्वान गर्न लागिएकाले भेरी बबई र सुनकोशी मरिणमा टिबिएमबाट सुरुङ खन्दा देखिएका समस्या र अनुभवलाई सम्बोधन गर्ने गरी बोलपत्रको कागजात तयार गरिने बताउनुभयो ।

“सुनकोशी मरिण डाइभर्सन र दूधकोशीको मुख्य सुरुङको लम्बाइ बराबर भएकाले टिबिएमबाटै खन्ने गरी प्रक्रिया अगाडि बढाइसकेका छौँ, माथिल्लो अरुणमा टिबिएम पुऱ्याउन प्रवेश सडक समस्या देखिएको छ, मेसिन पुऱ्याउन सम्भाव्य देखिएका उक्त आयोजनामा पनि टिबिएम नै प्रयोगमा ल्याइने छ,” कार्यकारी निर्देशक घिसिङले भन्नुभयो ।

एकपल्टको लगानीका हिसाबले केही महँगो देखिए पनि टिबिएममार्फत सुरुङ खन्दा अन्य प्रवेश सुरुङ निर्माण गर्नु नपर्ने, न्यून वातावरणीय तथा सामाजिक मुद्दा, निर्माणमा लाग्ने कम समयलगायतलाई हिसाब गर्दा टिबिएमको प्रयोग सस्तो र प्रभावकारी नै हुने देखिएको छ ।

टिबिएमको प्रयोगमार्फत सुरुङ निर्माण छिटो सकिने तर अन्य संरचनाहरू नसकिने अवस्था आउन नदिन सुरुमै आयोजनाको समग्र व्यवस्थापन गरिनुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

मुख्य सुरुङको लम्बाइ १३ किलोमिटर र उक्त सुरुङ खन्न निर्माण गर्नुपर्ने दुईवटा प्रवेश (एडिट) सुरुङको लम्बाइ पाँच किलोमिटर गरी दूधकोशी आयोजनाले कुल १८ किलोमिटर सुरुङ निर्माण गर्नुपर्ने छ । टिबिएमबाट खन्दा ‘एडिट’ सुरुङहरू बनाउनु पर्दैन । एडिट सुरुङ पुग्न बनाउनुपर्ने करिब ७ किलोमिटर प्रवेशमार्ग आवश्यक हुँदैन ।

माथिल्लो अरुण विश्व बैङ्क र दूधकोशी एसियाली विकास बैङ्कको नेतृत्वमा लगानी जुटाएर निर्माण अगाडि बढाउन लागिएको छ । सन् २०१९ को मूल्यमा निर्माण अवधिको ब्याज, मूल्यवृद्धिलगायत सहित एक अर्ब ७५ करोड डलर (करिब रु. दुई खर्ब १४ अर्ब) अनुमानित लागत रहेको माथिल्लो अरुणमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी (इक्विटी) बाट जुटाइने छ । विश्व बैङ्कको नेतृत्वको सहवित्तीयकरणमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट र स्वदेशी बैङ्क तथा वित्तीय संस्थाबाट जुटाएर वित्तीय व्यवस्थापन गरिने योजना बनाइएको छ ।

दूधकोशी आयोजनाको अनुमानित लागत निर्माण अवधिको ब्याजसहित दुई अर्ब २० करोड अमेरिकी डलर (करिब रु. दुई खर्ब २५ अर्ब) रहेको छ । यसमध्ये ऋणबाट एक अर्ब ६८ करोड डलर ऋणबाट र बाँकी इक्विटीबाट जुटाएर वित्तीय व्यवस्थापन गर्ने गरी तयारी भइरहेको छ ।

एडिबीको नेतृत्वमा विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट आयोजनामा एक अर्ब डलर सहुलितपूर्ण ऋण लगानी हुने छ । यसमध्ये एडिबीले आयोजनामा ५५ करोड डलरको सहुलियतपूर्ण ऋण लगानीको प्रतिबद्धता जनाएको छ । ***रासस***

# अरनिको राजमार्ग विस्तार निरन्तर

काभ्रेपलाञ्चोक, १० वैशाख । अरनिको राजमार्गअन्तर्गतको काभ्रेपलाञ्चोकको सिमास्थल साँगादेखि धुलिखेलसम्मको विस्तार कार्य निरन्तर अघि बढ्ने भएको छ । आयोजनाअन्तर्गत डेढ महिनादेखि रोकिएको बनेपा-बुडोल क्षेत्रको निर्माण कार्यलाई निरन्तरता दिने सहमति भएको हो ।

बनेपा-बुडोल खण्डमा निर्माणाधीन कल्भर्टलगायत संरचनाको निर्माण कार्य रोक्न उच्च अदालत पाटनले उत्प्रेषण आदेश जारी गरेपछि करिब डेढ महिनादेखि निर्माण कार्य रोकिएको थियो । स्थानीयस्तरमा सरोकारवालाबिच भएको बैठकले तत्कालै मुद्दा फिर्ता लिने सहमति भएपछि निर्माणलाई निरन्तरता दिइने भएको हो । जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका उपप्रमुख रिमबहादुर तामाङको अध्यक्षतामा सरोकारवाला एवं मुद्दा हाल्ने स्थानीयबिचको आइतबारको बैठकमा उक्त सहमति भएको हो ।

यस्तै उक्त बैठकले हाल निर्माणाधीन कल्भर्टको पानीलाई व्यक्तिगत जग्गामार्फत निकास नगराई सडक सिमाभित्र छुट्टै ड्रेनमार्फत चण्डेश्वरी खोलामा निकासी गराउने तथा आवश्यकताअनुसार सिँचाइ निकासका लागि व्यवस्थापन गरी अघि बढ्ने सहमति भएको छ ।

प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले अदालतको मुद्दा फिर्ता लिने र निर्माणाधीन कल्भर्टबाट पानीलाई ‘डाइभर्ट’ गरी खोलामा मिसाउने सहमति भएपछि आयोजनाको निर्माणले निकास पाएको बताउनुभयो ।

बनेपा नगरपालिका-६ बुडोलका १३ जनाले सुर्यविनायक-धुलिखेल-सिन्धुली-बर्दिवास सडक आयोजनाको कार्यालय भक्तपुरसहित आयोजना प्रमुख राजेन्द्र दास, बनेपास्थित ६ र ७ नं वडा कार्यालयलाई विपक्षी बनाई गत फागुन २० गते रिट दर्ता गरेका थिए । दर्ता गरिएको रिटमा गत फागुन २१ गते नै प्रारम्भिक सुनुवाइ भएको थियो

विसं २०१६ मा सडक निर्माणका बेला खेतका लागि पानी निकास गर्न राखिएको ह्युमपाइपसहितको ढलको स्थानमा हाल सडक विस्तारका क्रममा नयाँ डिजाइनमा कल्भर्ट निर्माण गरिएको थियो । हाल बस्ती विकास भए पनि उक्त कल्भर्टबाट पानी निकास हुँदा सडकको तल्लो क्षेत्रको बस्तीमा क्षति पुग्ने भन्दै स्थानीयले रिट दर्ता गरेका थिए । उक्त क्षेत्रको निर्माण कार्य रोकिँदा ‘डाइभर्ट’ गरिएको सडकमा दुर्घटनासमेत बढेका थिए भने पानी परेका बेला राजमार्गमा सवारीसाधन ठप्प हुने गरेको छ ।

तीन वर्षमा सक्ने गरी सूर्यविनायक-साँगा र साँगा-धुलिखेलको सडकखण्ड विस्तार गर्न छुट्टाछुट्टै दुई चरणमा सम्झौता भएअनुसार २०७९ फागुन १६ गतेदेखि साँगाबाट धुलिखेलसम्मको आठ दशमलव ४ किमि सडकखण्ड रु. चार अर्ब पाँच करोड ६४ लाखको लागतमा निर्माण थालिएको थियो । ***रासस***

# पर्यटकको रोजाइमा हात्तीदह सिमसार

सिरहा, १० वैशाख । दुई वर्षअघि ‘कोइरालो खोला नमुना सामुदायिक वन’ भित्रको सिमसार क्षेत्रलाई संरक्षण र व्यवस्थापन गरी ‘इको टुरिजम’ विकास गरिएपछि सिरहाको लहान नगरपालिका-१५ स्थित ‘हात्तीदह सिमसार’ क्षेत्र पर्यटकको रोजाइमा पर्न थालेको छ । विसं २०८० मा एक लाख २५ हजार आन्तरिक तथा बाह्य पर्यटकले यस क्षेत्रको अवलोकन भ्रमण गरेका छन् ।

हात्तीदह सिमसार तथा पर्यटकीय क्षेत्र संरक्षण तथा सञ्चालक समितिका अध्यक्ष रुद्रनारायण चौधरीले सिमसार क्षेत्र संरक्षण गरी पर्यटकीय क्षेत्र विकास गरेको छोटो समयमै आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्न थालेको बताउनुभयो ।

अध्यक्ष चौधरीले भन्नुभयो, “छोटो समयमै आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको छ । यसले हामीलाई उत्साहित बनाएको छ । आगामी दिनमा यसलाई थप व्यवस्थित बनाउँछौँ ।”

डिभिजन वन कार्यालय, लहानको जैविक विविधता साथै पर्यापर्यटनका लागि सहयोग, लहान नगरपालिकाले सडक बाटो निर्माण तथा मर्मत, दिवङ्गत नेता प्रदीप गिरीको सङ्घीय संसदीय विकास कोषबाट खानेपानी ट्याङ्की निर्माण, वडा नं १५ ले विद्युतीकरण र खानेपानी धारा जडान, बृहत् जलाधार व्यवस्थापन कार्यालय उदयपुर र राष्ट्रपति चुरे संरक्षण विकास कार्यालयले वनभोजस्थल निर्माण र पर्यापर्यटन प्रवर्द्धन गर्न सहयोग गरेपछि यस क्षेत्रको विकास सम्भव भएको अध्यक्ष चौधरीले जानकारी दिनुभयो ।

चुरे पर्वतको फेदमा हरियाली वनजङ्गल, बिचमा ‘बोटिङ’ सहितको स्वच्छ र सफा पोखरी, उद्यान निर्माण, चिसो हावापानी र शान्त वातावरणले पर्यटकलाई आकर्षित गरेको छ । यसैगरी फूलको बगैँचा, बालबालिकाका लागि उद्यान, प्राणी उद्यान केन्द्रलगायत संरचना यहाँ निर्माण गरिएका छन् । करिब ५६ हेक्टरमा फैलिएको लहान-१५ ढोड्नास्थित ‘कोइरालो समुदायिक वन’ मध्ये पाँच हेक्टर सिमसार क्षेत्रलाई संरक्षण गरी पर्यटकीय गन्तव्य बनाइएको हो ।

आगामी दिनमा पर्यटकलाई थप आकर्षित गर्न साहसिक पर्यापर्यटन, सामुदायिक होमस्टे (घरबास) प्रवर्द्धन, घोडा सवारी, पोखरी माथि पुल निर्माण तथा सूचना केन्द्र स्थापना गर्ने योजना रहेको अध्यक्ष चौधरीले जानकारी दिनुभयो । पर्यटकीय क्षेत्रको आन्तरिक आम्दानीबाट ३८ जनाले रोजगार पाएका छन् ।

नजिकै रहेको प्रसिद्ध राजदेवी मन्दिरलाई पनि जोडेर यस क्षेत्रको एकसाथ विकास गर्न स्थानीय तह लागिपरेको लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरीले बताउनुभयो । सिमसार पर्यटन क्षेत्रको विकासलाई प्राथमिकता दिएर थप पूर्वाधार निर्माणमा जोड दिइने उहाँले बताउनुभयो । ***रासस***

। सम्पादकीय ।

# प्रदेश सरकारमा विश्वासको सङ्कट


राजनीति देश र जनताको सेवाभन्दा पद, पैसा र भागबन्डामा केन्द्रित भएको कारण देशको राजनीति अस्थिर भयो र प्रदेश सरकार छिनछिनमा बदलियो । राजनीतिक दलबिच सिद्धान्त, विचार र नीतिको आधारमा स्वस्थ प्रतिस्पर्धा हुनुपर्नेमा सत्ताको भागबन्डामा केन्द्रित भएकोले प्रदेश सरकार अस्थिर भएको हो । प्रदेश सरकार अस्थिर भएकै कारण प्रदेशले खासै विकास गर्न सकेन । प्रदेश सरकारको हेरफेरबाट विभिन्न पत्रपत्रिकामा विभिन्न टिप्पणी गरियो । 'सुदूर पश्चिमका मुख्यमन्त्रीको बर्खास्ती माग्दै सर्वोच्चमा रिट, आज सुनुवाइ', 'कोसी प्रदेशमा मध्यावधि निर्वाचन कि नयाँ सरकार', 'लुम्बिनी प्रदेश सरकारबाट बाहिरियो जसपा', जस्ता शीर्षकका समाचारहरू छापिए । यी विभिन्न शीर्षकले प्रदेशको राजनीतिक स्थिति के रहेछ भन्ने आकलन गर्न कठिन छैन । मन्त्रालय भागबन्डामा असहमत भएकोले या भागबन्डा नमिलेकोले यी समस्या देखिएको हो । सत्तामुखी राजनीति भइरहेसम्म यस्ता घटना दोहोरिरहन्छन् ।

लुम्बिनी प्रदेशमा सहभागी भएको १५ दिन नपुग्दै सरकारबाट जसपा बाहिरियो । सहमतिअनुसार दुई मुख्यमन्त्री नपाएको झोकमा जसपा सरकारबाट बाहिरिएको हो । दुईवटा मन्त्रालय नपाएपछि लुम्बिनीबाट जसपाका मन्त्रीले राजीनामा दिएको घटनाले पदको निम्ति राजनीति गरिरहेको थाहा हुन्छ । यता सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घ सोडारीको बर्खास्ती माग्दै सर्वोच्च मदालतमा रिट दर्ता भयो । प्रदेशसभा सदस्य लक्ष्मणकिशोर चौधरीको वारेस गोविन्द चौधरीले चार विपक्षी कायम गर्दै रिट दायर गरेका थिए । केन्द्रीय सत्ता समीकरण फेरिएपछि कोसी प्रदेशमा नयाँ सरकार गठन कि मध्यावधि निर्वाचन ? भन्नेबारे प्रश्न उठेको छ । सरकारलाई समर्थन गर्ने र समर्थन फिर्ता गर्ने काम बारम्बार दोहोरिरह्यो । कोसी प्रदेशको समस्या त्यही हो । विश्वासको मत पाउन नसक्ने स्थितिमा संविधान विज्ञहरूले विकल्पको खोजी गर्नु या त्यसबारे टिप्पणी गर्नु स्वाभाविक हो । वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवालीले मुख्यमन्त्री अल्पमतमा परे संसद् विघटन गर्ने बाटो खुला हुने दाबी गरे । राजीनामा दिने या विश्वासको मत प्राप्त गर्ने भन्ने कुरा विश्वासको मत पाएको मसी सुक्न नपाउँदै समर्थन फिर्ता लिएर सरकार अल्पमतमा परेको घटना कति कति !

संविधानले व्यवस्था गरेअनुसार प्रदेश सरकारले आफ्नो आवश्यकता पूरा गरेको छैन । प्रदेश सरकार महिना दिन पनि टिक्न सकिएन । यस्तो सरकारले प्रदेशमा कसरी विकास गर्छ ? राजनीतिक विश्लेषकहरूले भन्न थालेका छन् - प्रदेश सरकारको औचित्य के नै छ र ? प्रदेशको विकासको निम्ति बनेको सरकारले केही प्रगति गर्न नसकेको र सत्तामुखी राजनीतिमा अल्झिरहेकोले प्रदेश सरकारप्रति जनताको विश्वास गुम्दै गइरहेको हो । तर, पनि सत्तामुखी राजनीतिमा हामफालेका सत्तासीन दलका नेताहरूमा अलिकति पनि लाजशरम देखिएको छैन । यस्तो तालले न लोकतन्त्रलाई जीवन पद्धतिको रूपमा विकास गर्न सकिन्छ न त गणतन्त्रलाई संस्थागत नै । सत्तासीन दलका नेताहरू अझ कम्युनिस्ट भनिने शासक दलका नेताहरू प्राप्त अधिकारको उपयोग गर्दै समाजवादी गणतन्त्र स्थापना गर्न एकपछि अर्को पूर्वाधारहरू तयार गर्दै अघि बढ्नुपर्ने हो, त्यो भइरहेको छैन ।

समयको गतिसँगै समाजमा परिवर्तन भइरहनुपर्छ । समाज परिवर्तन गर्न राजनीतिक दल, नागरिक समाज र समाजसेवीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । समाज परिवर्तनको अगुवाइ राजनीतिक दलका नेता, कार्यकर्ता, समाजसेवी र बुद्धिजीवीहरूले गर्नुपर्ने हुन्छ । समाज परिवर्तन गर्न अन्धविश्वास, कुरीति, रुढीवादी विचार अन्त्य आवश्यक हुन्छ । समाजमा गहिरो छाप परिसकेको अन्धविश्वास र कुरीति हटाउन कहीं न कहींबाट अभियान नचलाइकन सम्भव छैन । कहीं न कहींबाट नेतृत्व नगरी सम्भव छैन । प्रदेश सरकारले प्रदेशको मुहार फेर्न, प्रदेशप्रति जनताको विश्वास दिलाउन केही गरेको देखिँदैन । सारमा, प्रदेशसभामा भाँडभैलो भइरहेको छ । प्रदेश सरकारमा बेथिति बढिरहेको छ । प्रदेश सरकारमा विश्वासको सङ्कट देखिएको छ । प्रदेश सरकारमा सामेल हुने दलका नेता र मन्त्रीहरू एकले अर्कोलाई विश्वास गर्दैनन् । कहिले विश्वास गर्ने र कहिले घात गर्ने काम के द्वैधचरित्र होइन ? द्वैधचरित्रको राजनीति जहिल्यै अन्योल हुन्छ, अस्पष्ट हुन्छ । यसले दिशा निर्देश गर्नसक्दैन । प्रदेश सरकारप्रति गुम्दै गएको अविश्वासलाई थाम्ने कसरी ? के यसबारे सबै प्रदेश सरकारहरूले ख्याल गर्नुपर्दैन ?

# किन बन्द भए घरेलु उद्योग ?



भैरव रिसाल

यसो हेर्दा घरेलु उद्योग के हो र ? जस्तो लाग्छ तर घरेलु उद्योग ग्रामीण, अर्थतन्त्र र रोजगारीको उत्तम अवसर हो । आफ्नै गाउँघरमा आफ्नै कच्चा पदार्थ बेचेर दुई-चार पैसा सर्वसाधारणले हात पार्छन् । त्यसरी उत्पादन भएका वस्तुहरू प्राय: गाउँलेहरूले नै प्रयोग गर्छन् । यसरी हेर्दा घरेलु उद्योगलाई शरीरका रक्त सञ्चार गर्ने नशाको रुपमा लिन सकिन्छ । घरेलु उद्योगले बेरोजगारी गाउँलेलाई रोजगारी दिने गर्छ । यस्ता रोजगारी लाखौं सङ्ख्यामा नेपालभरि फैलिएको जस्तो लाग्छ । एकथरी ठुला आँखा भएका मान्छेहरूको आँखा घरेलु उद्योगमा जाँदैन । त्यस्ता मान्छे वास्तवमा घरेलु उद्योग भन्ने नै बुझ्दैनन् या कम बुझ्छन् । यसरी हेर्दा, घरेलु उद्योग ग्रामीण अर्थतन्त्रको मेरुदण्ड हो भन्दा फरक पर्दैन होला । सरकार स्थानीय प्रान्तीय र केन्द्रीय तिनै थरीको गम्भीर ध्यान घरेलु उद्योग स्थापना र सञ्चालनमा केन्द्रित हुनुपर्छ । तर, यहाँ बाँके जिल्लामा २६५ वटा घरेलु उद्योग बन्द भएछन् । ती २६५ घरेलु उद्योगमा केही लाख मान्छेले रोजगारी पाएको हुनसक्छ । अब यी मान्छे वैदेशिक रोजगारीमा जानेबाहेक अरु उपाय देखिँदैन ।

**घरेलु उद्योगको योगदान**

कत्ति रमाइलो ! उत्पादन गाउँकै, उत्पादक गाउँलेहरू नै र उपभोक्ता पनि गाउँले नै भएको घरेलु उद्योग बन्द नगर्न सरकारको ध्यान जानुपर्ने हो तर, सरकार यस्ता साना कुरातिर आफ्ना ठुला आँखा लगाउँदै लगाउँदैन । साना आँखा पनि लगाउँदैन । अन्यथा, २६५ वटा घरेलु उद्योग बन्द हुनुपर्ने कुनै कारण र तात्पर्य छैन । घरेलु उद्योगमा काम गर्नेहरू प्राय: गाउँले नै हुन्थे, आफ्नै घरको खान्थे, आफ्नै घरमा बस्थे, आफ्नै केटाकेटी हेर्थे, पढाउँथे र आफ्नै मुलुकको साङ्गो पाङ्गो मिलेको थियो । घरेलु उद्योगमा काम गर्नेहरूले चिया खाजा खाँदा गाउँमा कैयौं चिया पसल एवं होटलहरू चलेका थिए । ती होटलमा गाउँलेहरू दूध बेच्थे, सागपात र अन्य तरकारी बेच्थे, जसबाट गाउँलेहरूको हातमा नगद रकम पर्थ्यो । त्यो रकमबाट आफ्ना परिवारका लागि लगाउने कपडा, आवश्यक पर्ने खाने वस्तु किन्थे वा उत्पादन गर्थे । जसले ग्रामीण अर्थतन्त्र, घरेलु अर्थतन्त्रको दृष्टिबाट हेर्दा घरेलु उद्योगको योगदान छ्याङ्गै हुन्छ । यसको असर केही वर्षपछि थाहा हुन्छ ।

**अब कहाँ रोजगारी खोज्ने ?**

घरेलु उद्योग अहिलेमात्र होइन, राणा शासनमा पनि थिए । सङ्ख्या फरक थियो होला तर घरेलु उद्योगहरू थिए, जहाँ गाउँका कच्चा पदार्थ बिक्थे र ती उद्योगले तयार वस्तु उत्पादन गर्थे । गाउँको उत्पादनमा गाउँलेहरूको जीवन सुविधासाथ चलेको थियो । ठुल्ठुला कुरा गर्ने तर, काम नगर्ने सरकारको ध्यान यी घरेलु उद्योग के कति कारणले किन बन्द भए, त्यसको छेउदेखि टुप्पोसम्म अध्ययन गरेर यी घरेलु उद्योग पुनर्स्थापन गराउने वातावरण सिर्जना गर्नु कुनै पनि राष्ट्रिय सरकारको दायित्वभित्र पर्छ । तर, हाम्रो नेपालमा सरकारहरू ठुलठुला कुरा गर्ने, काम भने साना पनि नगर्ने प्रवृत्तिले नेताहरूको मस्तिष्कमा ताल्चा लगाएको छ । यसकारण, घरेलु साना उद्योगहरूको आधार के ? भन्ने प्रश्न उठेको छ । प्राय: गाउँकै कच्चा पदार्थ प्रयोग गरी तयारी वस्तु र सेवा दिने घरेलु उद्योगलाई सरकारले माथि उचाल्ने प्रयत्न गर्नुपर्नेमा सरकारको ध्यान त्यता जाँदैन । उही ठुल्ठुला कुरा गर्नेतिर मात्र जान्छ ।

**रोजगारी पाउने**

यस चालु आर्थिक वर्षको चैतसम्म ९ महिनाको अवधिमा उद्योगतर्फ ४३४ र वाणिज्यतर्फ ३७३ गरी धेरै उद्योगले ग्रामीण तहमा रोजगारी दिएका थिए । बाँके जिल्लामा यही चैत मसान्तसम्म उद्योगतर्फका ६३१ र वाणिज्यतर्फ ११५० घरेलु उद्योग थिए । ती घरेलु उद्योगमा पक्कै पनि एक लाख बराबर गाउँलेले रोजगारी पाउँथे । गाउँमै रोजगारी पाएपछि अरब मुलुकका तातो खानु पर्दैनथ्यो वा दक्षिणपूर्व एसियाको अमिल्दो वातावरणमा पिल्सिएर मर्नु पर्दैनथ्यो । तर, अब ती मुलुकबाट बाकसमा मृत शरीर आउने क्रम बढ्नेछ । कैयौं नेपाली गाउँले आर्थिक रुपबाट तन्नम हुनेछन् । यो कुरालाई सरकार सानो कुरा ठान्छ होला । त्यसैले, चालु घरेलु उद्योगलाई स्थायी रुप दिन आवश्यक सहयोग नदिएर त्यतिका उद्योग बन्द भएका होलान् । घरेलु उद्योग ठुलाहरूका आँखामा पर्दै पर्दैनन् वा सानो रूपमा मात्र पर्छन् । तर, गाउँघरका अतिरिक्त घरायसी काममा प्रयोग हुने उपभोग्य वस्तुहरू सजिलै उत्पादन हुन्थे ।


**ती उद्योग फेरि सञ्चालन गरौं !**

हुन त बाँके जिल्लामा गएको चैत महिनासम्म उद्योगतर्फ ४३४ र वाणिज्यतर्फ ३७३ गरी ८०७ घरेलु तथा साना उद्योग दर्ता भएको अधिकारीहरूले जानकारी दिएका छन् तर, सम्पूर्ण बाँके जिल्लाको जनसङ्ख्या हेर्दा यी माथि उल्लेखित घरेलु उद्योगले पक्कै पनि केही लाख नेपालीलाई आफ्नै घरदैलोमा आफ्नै परिवारसँग एउटै भान्सामा खाएर रोजगारी पाएका थिए । अब २६५ घरेलु उद्योग बन्द भएपछि ती उद्योगमा रोजगारी पाउने गाउँले नेपालीहरूको बाटो पनि आफ्नो नेपालमा नभई विदेशी रोजगारीमा जानुपर्ने नराम्रो अवस्था आयो । यसकारण, सरकारले सानामा पनि सान्है साना घरेलु उद्योग बन्द हुनु ठुला आँखाले हेर्दा केही होइन; तर यी उद्योगमा हजारौं हजार वा अझ लाखभन्दा बढी गाउँलेले रोजगारी पाएका थिए । आफ्नै गाउँ वा छिमेकमा रोजगारी पाउँदा परिवारको एउटै भान्सामा पाकेको खाद्य र पेय पदार्थ खान्थे । घरेलु उद्योगमा काम गर्थे । यसले गर्दा दुई-चार पैसा भए पनि बच्थ्यो । केटाकेटी पढाउँथे, पुस्तक किन्थे ।

**सरकारको ध्यान जानु आवश्यक**

जीवन सजिलैसँग बितेको थियो । सरकारमा बस्ने मान्छेहरू यति गम्भीर कुरा कति बुझ्थे, कति बुझ्न कोसिस गर्थे यो अर्कै कुरा हो । घरेलु उद्योग बन्द हुनु भनेको ठुलो दुर्भाग्य हो । गाउँका ती घरेलु उद्योगमा काम गर्नेहरू अब कहाँ के काम गर्छन् ? भन्ने प्रश्न पनि देशको सामु उपस्थित भएको छ । ती उद्योगलाई चाहिने कच्चा पदार्थको उत्पादन भइरहेको ठाउँमा अब के उत्पादन गर्छन् ? कहाँ बेच्छन् ? भन्ने प्रश्न पनि खडा भएको छ । यसर्थ राज्यका विभिन्न जिल्लामा भएका घरेलु उद्योगहरू, बन्द नगर्नेतर्फ अहिलेदेखि नै केन्द्रीय सरकार, प्रान्तीय सरकार र स्थानीय सरकारहरूको गम्भीर ध्यान जानु आवश्यक छ । यतिका घरेलु उद्योग बन्द भएपछि ती घरेलु उद्योगले उत्पादन गर्ने वस्तु भारतबाट आउने नै भए । नेपाली घरेलु उद्योगहरू बन्द हुनुको अर्थ भारतको घरेलु व्यापार फस्टाउनु हुनेछ । यो कुरा कदापि राष्ट्र हितमा छैन । तसर्थ, सरकारले बन्द भएका यी घरेलु उद्योग सरकारले गम्भीर ध्यान दिनु आवश्यक छ ।

# जीडीपी वृद्धिको पूजाबारे



✍ प्रभात पटनायक

आधुनिक कालमा अर्थशास्त्र र दर्शनबारे सबैभन्दा बढी लेख्ने उदारवादी चिन्तक थिए जोन स्टुअर्ट मिल । यद्यपि, आफ्नी पत्नी हेरियट टायलर मिलको प्रभावले जीवनको अन्त्यतिर उनी समाजवादको प्रभावमा आएका थिए । उनी सहकारी शैलीको समाजवादतिर आकर्षित भएका थिए । आज पनि उनलाई सर्वोत्तम उदारवादी चिन्तक मानिन्छ । मिलको समयका अर्थशास्त्रीहरूको सोचमा कतै गतिशून्य अवस्था आउने त होइन भन्ने डरले घर गरेको थियो । अर्थात्, सामान्य उत्पादन र पुन: उत्पादनको चक्रमै सीमित हुने वा वृद्धिदर शून्य हुने त होइन भन्ने थियो । यसको अर्थ थप पुँजी सञ्चय ठप्प हुने भय थियो । तथापि, मिलले यो गतिशून्य अवस्थालाई समभावका आँखाले हेरे । 'खालि उत्पादनमा वृद्धि' ल्याउनुमा 'अचाक्ली महत्त्व' दिने सामान्य 'जोड' भन्दा पर गएर 'परिमार्जित वितरण तथा श्रमलाई बढी पुरस्कृत गर्नुपर्नेमा ध्यान दिनु नै साँचो अभीष्ट' हुनुपर्ने मिलको विश्वास थियो ।

अब १९ औँ शताब्दीका यी उदारवादी चिन्तकको विचारलाई आजका अन्तर्राष्ट्रिय आर्थिक सङ्घसंस्था तथा भारतलगायत विभिन्न देशका सरकारका सोचसँग दाँजौं । यी देशमा जीडीपीको वृद्धिसँगै विशुद्ध गरिबी बढेका प्रचुर प्रमाणहरू भेटिन्छन् । तैपनि, यहाँका सरकारहरूले जीडीपी वृद्धिमा जोड दिन छोडेका छैनन् । जब कि जीडीपीमा वृद्धि भन्नुको अर्थ मिलको भाषामा 'परिमार्जित वितरण तथा श्रमलाई बढी पुरस्कृत गर्नुपर्ने' लाई साँचो अभीष्ट नबनाई 'खालि उत्पादनमा वृद्धि' गर्नु हो ।

कुनै जमानामा उच्च वृद्धिदरलाई भारतजस्ता देशमा बेरोजगारी तथा गरिबी उन्मूलन गर्न आवश्यक सर्त मानिन्थ्यो । त्यसैले 'खालि उत्पादनमा वृद्धि' र 'श्रमलाई बढी पुरस्कृत गर्नुपर्ने' बिच कुनै सीमारेखा कोरिएन । यी दुईबिचको विरोधाभाषलाई त हेर्दै हेरिएन । जीडीपीमा उच्च वृद्धिदरले रोजगारीका अवसर बढाउँछ, जगेडा श्रमको तुलनात्मक आकार घटाउँछ, श्रम बजारमा सुगठन ल्याउँछ र वास्तविक ज्यालादर बढाउँछ भन्ने तर्क थियो । त्यो स्थितिमा वास्तविक ज्यालादार श्रमको उत्पादकत्वको दाँजोमा द्रुतगतिमा नबढे पनि अन्य अवस्थामा भन्दा वास्तविक ज्यालादार बढ्छ-बढ्छ र जीडीपीमा तीव्र वृद्धिका कारण अन्य अवस्थामा भन्दा बेरोजगारी घटाएर र ज्यालादर बढाएर कामदारको स्थिति सुधार्छ भन्ने तर्क गरिएको थियो ।

यद्यपि, यो तर्कमा दम छैन । जीडीपीको निश्चित वृद्धिदरसँगै जोडिएको रोजगारीको वृद्धिदर 'त्यो वृद्धि प्रक्रियाको प्रकृति' माथि निर्भर हुन्छ; यो वृद्धि कुन-कुन मालसामान र क्षेत्रमा भयो भन्ने कुरामा निर्भर हुन्छ अथवा कुन वर्गको मागलाई यसले सम्बोधन गर्न भन्ने कुरामा भर पर्छ । त्यो आर्थिक वृद्धि कृषि वा खुद्रा उत्पादनले गर्दा आएको हो भने परिणाममा रोजगारी सिर्जना भएकोमा सन्तोष मान्नु सही हुन्छ । तर, नवउदारवादी अर्थतन्त्रको ढाँचा नै कस्तो छ भने यसमा कृषि र खुद्रा उत्पादनले बाह्रै मास सङ्कट भोग्दै जानुपर्छ । आर्थिक वृद्धिका क्षेत्रले अन्तर्राष्ट्रिय बजार तथा अतिरिक्त मूल्य खाएर बाँच्ने तप्काका उपभोग्य मागको सेवा गर्छन् । यी यस्ता क्षेत्र हुन् जहाँ रोजगारी पातलो हुन्छ र नौला-नौला आविष्कारका कारण रोजगारीमा निरन्तर कमी आउँछ । नवउदारवादी अर्थतन्त्रमा जीडीपीको वृद्धिदर उच्च भयो नै भने पनि त्यसले रोजगारी दरमा झिनो वृद्धिमात्र ल्याउँछ । यसलाई उत्पादनको तुलनामा रोजगारीमा देखिने लचकता पनि भनिन्छ । अर्थात्, १ प्रतिशत उत्पादनमा परिवर्तन आउँदा त्यससँग जोडिएको रोजगारीको प्रतिशतमा आउने परिवर्तन अत्यन्त कम अथवा शून्य बराबर हुन्छ । यो शून्य अवस्थालाई प्राय: 'रोजगारीविहीन आर्थिक वृद्धि' भनिन्छ । अर्को कुरा, उत्पादनको वृद्धिदर माथि चढ्दै जाँदा रोजगारीमा देखिने लचकता घट्छ जसले गर्दा जीडीपीको उच्च वृद्धिदरले बढी नै गर्‍यो भने पनि रोजगारीको वृद्धिदरमा झिनो वृद्धिमात्र ल्याउने हो ।

जनसङ्ख्या बढिरहन्छ र त्यसले गर्दा श्रमशक्ति पनि बढिरहन्छ । यसकारण, नवउदारवादी व्यवस्थामा जीडीपीमा उच्च वृद्धिदर हासिल भए तापनि त्यससँगै जोडिएको रोजगारीको वृद्धिदर सधैं श्रमशक्तिको वृद्धिदरभन्दा न्यून हुन्छ । यसले गर्दा जगेडा श्रमको

बाँकी पृष्ठ ७ मा

# संरा अमेरिकामा प्रजातन्त्रको अवस्था - ५

**३) संरा अमेरिकी प्रजातन्त्रको 'ब्रान्ड' निर्यातका ध्वंसात्मक परिणाम**

संसारभरका देशहरूको भिन्न-भिन्न आर्थिक विकासको चरण र ऐतिहासिक एवम् सांस्कृतिक पृष्ठभूमिको ठुलो अन्तरलाई बेवास्ता गर्दै संरा अमेरिकाले अन्य देशमा आफ्नो राजनीतिक प्रणाली र मूल्य थोपर्न खोज्यो। ती देशहरूमा संरा अमेरिकाले उसकै शब्दमा 'प्रजातान्त्रिक रूपान्तरण' गर्नुका साथै 'रङ्गीन क्रान्ति' थोपर्न खोज्यो।

संरा अमेरिकाले अन्य देशका आन्तरिक मामिलामा मनपरी हस्तक्षेप गर्नुका साथै ती देशका सरकार अपदस्थ गरेर ध्वंसात्मक परिणाम निम्त्यायो। अर्को शब्दमा भन्दा, संरा अमेरिकाले संसारका अन्य देशलाई पनि आफ्नै आकारमा ढाल्न खोज्नुका साथै प्रजातन्त्रको ब्रान्ड नै निर्यात गर्न चाह्यो। यस्तो प्रयास आफैँमा अप्रजातान्त्रिक हो। प्रजातन्त्रका आधारभूत मूल्य मान्यताभन्दा विपरीत छ। अमेरिकी शैलीको प्रजातन्त्रको प्रत्यारोपणले अपेक्षित परिणाम दिन सकेन। त्यस अर्थमा त्यो 'असफल प्रत्यारोपण' पुष्टि भयो। जसले धेरै क्षेत्र र देशलाई अस्थिरता, द्वन्द्व र युद्धतिर धकेल्यो।

**क) 'रङ्गीन क्रान्ति' ले क्षेत्र र देशमा अस्थिरता निम्त्यायो**

'प्रजातन्त्र' को नाममा अरू देशका आन्तरिक मामिलामा हस्तक्षेप गर्ने संरा अमेरिकाको नानीदेखि लागेको बानी हो। उसले संसारका अरू देशमा आफू पक्षधर सरकार स्थापना गर्न सत्ता परिवर्तन गर्न खोजिरहन्छ।

संरा अमेरिकाको केन्द्रीय गुप्तचर विभाग सीआईएका एकजना पूर्ववरिष्ठ अधिकारीले मानिसहरूलाई 'हामीले उनीहरूलाई बनाउन चाहेजस्तो बनाउने' र 'हाम्रा निर्देशन मान्ने बनाउने' कुरा गरेका थिए। उनले मानिसको दिमागलाई अलमलमा पारेर, उनीहरूले बोकेका मूल्यमान्यता परिवर्तन गराएर उनीहरूलाई नयाँ मूल्य मान्यताका सबै कुरा बुझ्नुअघि नै त्यसमाथि विश्वास गर्न लगाउने सम्भावनाबारे चर्चा गरेका थिए।



अरब विद्रोह

संरा अमेरिकाका पूर्वविदेश सचिव माइक पम्पेओले खुलारूपमै स्वीकारेका छन्, "म सीआईएको पूर्वनिर्देशक थिएँ। त्यत्तिबेला हामी झूट बोल्थ्यौँ; झुक्याउँथ्यौँ र हामी चोरी पनि गर्थ्यौँ। हामीलाई त्यसको निम्ति तालिम दिइन्थ्यो। त्यो तालिमले अमेरिकी प्रयोगको गौरवको स्मरण गराउँथ्यो।"

संरा अमेरिकाले 'शान्तिपूर्ण विकासक्रम' को रणनीति र कार्यनीतिको प्रणाली विकास गरेको छ। त्यो प्रणालीको सुरुआत कुनै पनि देशसँग 'सांस्कृतिक सम्बन्ध' र 'आर्थिक सहायता' बाट हुन्छ। अनि, त्यसपछि त्यो देशमा 'रङ्गीन क्रान्ति' को लागि उपयुक्त वातावरण बनाउन जनमत सिर्जना गरिन्छ। जनताको असन्तोष र सरकारविरोधी भावना फैलाउन उसले त्यहाँको सरकारका गल्ती र कमजोरीलाई अतिरञ्जनापूर्ण ढङ्गले प्रचार गर्छ।

त्यहीबिच उसले अमेरिकी मूल्यमान्यताको साबुनले त्यो देशका जनताको दिमाग धुन्छ। उनीहरूलाई अमेरिकी आर्थिक ढाँचा र राजनीतिक व्यवस्थाप्रति सकारात्मक बनाउँछ। अमेरिकाले आफ्ना पक्षधर गैरसरकारी संस्थालाई फैलिन दिन्छ। उसले निशाना बनाएको देशका विपक्षी दलका नेताहरूलाई सबै खालको तालिम दिन्छ। निशाना बनाएका सरकारलाई असफल बनाउन सडकबाट राजनीतिक गतिविधि गरी मुख्यत: चुनाव वा आपत्कालको अवसरलाई उसले मज्जाले छोप्छ।

पछिल्लो इतिहास अध्ययन गर्दा संरा अमेरिकाले 'प्रजातन्त्र प्रवर्द्धन' को नाममा ल्याटिन अमेरिकामा **नवमुनरो सिद्धान्त** अघि सारेको छ। युरेसियाली क्षेत्रमा 'रङ्गीन क्रान्ति' उछालेको छ। पश्चिम एसिया र उत्तर अफ्रिकामा 'अरब वसन्त' चर्कायो। त्यस्ता कदमले धेरै देशमा अराजकता र सङ्कट निम्त्यायो। जसले विश्व शान्ति, स्थायित्व र विकासलाई ओझेलमा पार्‍यो।

ल्याटिन अमेरिका र क्यारिबियाली क्षेत्रका जनता 'अमेरिकी शैलीको प्रजातन्त्र' बारे भ्रममुक्त भएको लामो समय बितिसकेको छ। संरा अमेरिकी शैलीको कुनै पनि प्रजातन्त्रको ढाँचा प्रवर्द्धन गर्ने उसको प्रयास ती क्षेत्रमा पराजित र अपमानित हुने गरेको छ।

सन् १८२३ मा संरा अमेरिकाले मुनरो सिद्धान्तको घोषणा गर्‍यो। सो सिद्धान्तअन्तर्गत 'अमेरिका अमेरिकीहरूको हुनुपर्ने' भन्दै सिङ्गो अमेरिका एक हुनुपर्ने तर्क गरिएको छ।

त्यसपछिका दशकहरूमा 'प्रजातन्त्र फैलाउने' नाममा संरा अमेरिकाले बारम्बार ल्याटिन अमेरिका र क्यारिबियाली क्षेत्रमा राजनीतिक हस्तक्षेप, सैनिक हमला र सरकारलाई अपदस्थ गर्ने काम गर्दै आएको छ।

संरा अमेरिकाले बितेका झन्डै ६० वर्षदेखि समाजवादी देश क्युवामाथि निर्मम व्यवहार गर्नुका साथै नाकाबन्दी पनि थोपरेको छ। चिलीमा साल्भाडोर एयेन्डेको सरकारलाई संरा अमेरिकाको चाँजोपाँजोमा अपदस्थ गरियो। यी सबै प्रभुत्ववादका आक्रामक काम हुन्। 'मेरो बाटो हिँड्ने भए हिँड, नभए अर्को बाटो हिँड्न पाउँन्नौ' संरा अमेरिकाको तर्क यही हो।

सन् २००३ यता पूर्वी युरोप र मध्य एसियाअन्तर्गत जर्जियामा 'गुलाब क्रान्ति', युक्रेनमा 'सुन्तला क्रान्ति' र कीर्गिस्तानमा 'घण्टी फूल ( टुलिप) क्रान्ति' देखियो। संरा अमेरिकी विदेश विभागले ती सबै 'सत्ता परिवर्तन' मा आफ्नो 'केन्द्रीय भूमिका' खुलारूपमा स्वीकारिसकेको छ।

सन् २०२० को अक्टोबरमा रूसी वैदेशिक गुप्तचर सेवाले मोल्दोभामा 'रङ्गीन क्रान्ति' को षड्यन्त्र गर्ने संरा अमेरिकी योजनाको खुलासा गर्‍यो।

सन् २०१० मा सुरु भएको 'अरब वसन्त' ले सिङ्गो मध्यपूर्वमा भूकम्प निम्त्यायो। संरा अमेरिकाले पर्दा पछाडि बसेर त्यहाँका राजनीतिक परिवर्तनमा प्रमुख भूमिका खेल्यो। सन् २०११ मा 'द न्यु योर्क टाइम्स' ले संरा अमेरिकी सरकारको पैसाले चलाएका केही सङ्गठनहरूको एउटा सानो समूहले 'तानाशाही' अरब देशहरूमा प्रजातन्त्र प्रवर्द्धन गरिरहेको रहस्य खोल्यो। 'अरब वसन्त' मा प्रत्यक्षरूपमा संलग्न केही समूह र व्यक्तिहरूले संरा अमेरिकाका अन्तर्राष्ट्रिय रिपब्लिकन प्रतिष्ठान, राष्ट्रिय प्रजातान्त्रिक प्रतिष्ठान र स्वतन्त्रता गृहजस्ता संरा अमेरिकी सङ्गठनबाट तालिम र पैसा पाएका थिए।

इथियोपियाका अफ्रिका तथा अन्तर्राष्ट्रिय मामिलाका विशेषज्ञ मुस्ताफा अहमेदीले अहराम अनलाइनमा 'वचनबद्ध भूमि' शीर्षकको एउटा लेख प्रकाशित गरेका थिए। त्यसमा उनले ओबामाको एउटा प्रसिद्ध वाक्य, 'अहिले भनेको अहिले तत्कालै' ले इजिप्टका आक्रोशित प्रदर्शनकारीहरूलाई मुबारकको सरकारको विरोधमा उठ्न ठुलो भूमिका खेलेको बताएका छन्। त्यो राजनीतिक परिवर्तनको इजिप्टका जनताले ठुलो मूल्य चुकाउनुपरेको थियो।

संरा अमेरिकाको काम देखेर अरबका जनताले आफूहरूको चाहनाको कुनै पर्वाह नै नगरी संरा अमेरिकाले आफ्नो देशमा 'पुरानो चल्ती ढाँचाको प्रजातन्त्र' थोपर्न खोजेको बुझ्न थालेका छन्। संरा अमेरिकी मूल्य मान्यताको अन्ध नक्कल गर्न बाध्य बनाइएका देशहरूमा साँचो प्रजातन्त्र, वास्तविक स्वतन्त्रता वा सही मानव अधिकारको कुनै सङ्केत पनि छैन। ती देशमा केही कुरा छोडिएका छन् भने ती अहिले विद्यमान अराजकता, गतिरोध र मानवीय सङ्कटका दृश्यमात्र हुन्।

संरा अमेरिकाको मूल्यमान्यताको निर्यातले मिचाइमा परेका देशहरूका सहज विकास प्रक्रिया बिथोलिएको छ, आफ्नो देशको परिस्थितिलाई सुहाउने विकासको बाटो खोज्ने काम रोकिएको छ। राजनीतिक, आर्थिक र सामाजिक अस्थिरता निम्त्याएको छ र एकपछि अर्को गर्दै ती देशका जनताको सुन्दर मातृभूमि ध्वस्त भएका छन्। त्यस्ता अस्थिरताले आतङ्कवाद र अन्य दीर्घकालीन चुनौतीहरू जन्मायो। जसले क्षेत्रीय र अझ विश्वव्यापी सुरक्षालाई जोखिममा पार्नुका साथै भद्रगोल अवस्था निम्त्यायो।

फ्रान्सको वेबसाइट 'ला ग्रान्ड सोएर' ले भनेजस्तै संरा अमेरिकाको लागि प्रजातन्त्र भनेको लामो समयदेखि फरक सोचाइ बोक्ने देशहरूमाथि हमला गर्ने आमविनाशकारी हतियार बन्दै आएको छ।

संरा अमेरिकाले आफ्नो देश र अन्य देशमा प्रजातन्त्रको मूल्याङ्कन गर्न अलग अलग मापदण्ड प्रयोग गर्ने गरेको छ। उसले मनपराएकालाई हुरुक्कै भएर प्रशंसा गर्छ अनि मन नपरेकोलाई भित्तो पुग्ने गरी खेदो खन्छ। सन् २०२१ को जनवरी ६ मा क्यापिटोलमा भएको हमलापछि एक जना अमेरिकी राजनीतिक नेताले त्यो घटनालाई ९/११ को आतङ्कवादी हमलासँग तुलना गरे। उनले क्यापिटोलमाथिको हमलालाई संरा अमेरिकाको व्यवस्थापिका, संविधान र प्रजातन्त्रमाथिको 'लज्जाजनक हमला' को संज्ञा दिए। उही नेताले सन् २०१९ को जूनमा हङकङको व्यवस्थापिका भवनअघि भएको हिंसात्मक प्रदर्शनलाई 'अनुकरणीय सुन्दर दृश्य' भने र त्यो प्रदर्शनमा सहभागीहरूको 'साहस' को कदर गरे। यो कस्तो नकच्चरो दोहोरो मापदण्ड!





**ख) प्रजातन्त्रको ब्रान्ड थोपर्ने संरा अमेरिकी कदमले मानवीय सङ्कट निम्त्याएको छ**

जबरजस्ती प्रजातन्त्रको ब्रान्ड निर्यात गर्ने संरा अमेरिकी कदमले संसारका धेरै देशमा मानवीय सङ्कट निम्त्याएको छ। अफगानिस्तानमा बीस वर्ष लामो संरा अमेरिकी युद्धले त्यो देशलाई ध्वस्त र विपन्न बनायो। त्यस अवधिमा ४७ हजार २४५ जना अफगानी नागरिक मारिए। ६६ हजारदेखि ६९ हजार अफगानी सिपाही र प्रहरीको ज्यान गयो। ९/११ को हमलासँग उनीहरूको 'गोरु बेचेको साइनो' पनि थिएन। १ करोड मानिस विस्थापित भए। अफगान युद्धले त्यो देशको आर्थिक विकासको आधार ध्वस्त बनायो र अफगानीहरूलाई विपन्नताको रसातलमा धकेल्यो।

सन् २००३ मा संरा अमेरिकाले इराकमाथि सैनिक हमला गर्‍यो। इराकले आमविनाशकारी हतियार राखेको आरोपमा त्यो हमला गरिएको थियो। इराक युद्धमा २ लाखदेखि २ लाख ५० हजार सर्वसाधारणले ज्यान गुमाए। उनीहरूमध्ये १६ हजारभन्दा बढीको त अमेरिकी सेनाले प्रत्यक्ष हत्या गरेको थियो। दसौँ लाख मानिसले आफ्नो घरबार गुमाए। त्यसका साथै संरा अमेरिकाले अन्तर्राष्ट्रिय मानवीय सिद्धान्तको गम्भीर उल्लङ्घन गर्‍यो। कैदीबन्दीमाथि बारम्बार भएका अमानवीय दुर्व्यवहारका घटनामार्फत इराकमा संरा अमेरिकाको अन्तर्राष्ट्रिय मानवीय सिद्धान्त उल्लङ्घनका घटना बाहिरिएका छन्। तर, संरा अमेरिकाले आजसम्म इराकमा आमविनाशकारी हतियार भएको कुनै पनि प्रमाण संसारलाई देखाउन सकेको छैन।

प्राप्त तथ्याङ्कअनुसार सन् २०१६ देखि २०१९ सम्म भएको सिरिया युद्ध र द्वन्द्वमा ३३ हजार ५८४ जना मानिस मारिए। उनीहरूमध्ये ३ हजार ८३३ जना मानिस संरा अमेरिका नेतृत्वको गठबन्धन सेनाको बमबारीमा मारिएका थिए। उनीहरूमध्ये आधा त महिला र बालबालिका थिए। सार्वजनिक प्रसारण सेवा (पीबीएस) ले सन् २०१८ को नोभेम्बर ९ मा प्रसारण गरेको समाचारअनुसार रक्का भन्ने ठाउँमा संरा अमेरिकी सेनाले गरेको 'इतिहासमै सबभन्दा सही निशानाको हवाई हमला' मा मात्र सिरियाका १६ सय मानिस मारिएका थिए।

सन् २०१८ मा सिरियामा भएको संरा अमेरिकी हवाई हमलालाई फेरि पनि सिरिया सरकारलाई रासायनिक हतियार प्रयोग गर्नबाट रोक्न गरिएको बताइयो। तर, सिरिया सरकारले रासायनिक हतियार प्रयोग गरेको भनी प्रचार गरिएका कथित 'प्रमाण' ह्वाइट हेलमेट नामको संस्थाले गरेका झूटा श्रव्यदृश्यको टुक्राटुक्रीमा आधारित भएको पुष्टि भयो। ह्वाइट हेलमेट नामको त्यो संस्था संरा अमेरिका र अन्य देशका गुप्तचर निकायको पैसाबाट चलेको सङ्गठन हो।


अफ्रिकामा पश्चिमा प्रजातन्त्रको लुट

*स्रोत : अमेरिकाको प्रजातन्त्र !*

*अनुवाद : सुशिला*




दक्षिणपूर्वी एसियाली टापुराष्ट्र फिलिपिन्समा अमेरिकी सेनाको आधार शिविर राख्न दिने सरकारको निर्णय र दुई देशको सेनाबिच हुन गइरहेको वार्षिक संयुक्त सैन्य अभ्यासविरुद्ध देशको राजधानी मनिलास्थित देशको रक्षा मन्त्रालय र सैनिक मुख्यालयअगाडि विरोध प्रदर्शन गर्दै साम्राज्यवादविरोधी फिलिपिनो जनता अप्रिल २२, २०२४ का दिन ।

*तस्बिर : टेड अल्जिबे/एएफपी*

# निर्वाचनको पहिलो दिन हिंसा भएपछि उत्तरपूर्वी भारतका केही मतदाता मतदानमा फर्किए

गुवाहाटी (भारत), २२ अप्रिल (एपी) । गत साता हिंसाका कारण मतदानमा अवरोध पुगेपछि उत्तरपूर्वी भारतीय राज्यमा केही मतदान स्थलमा मतदाताहरू सोमबार कडा सुरक्षाका बिच मतदानमा फर्केका छन् ।

शुक्रबार राष्ट्रिय निर्वाचनमा मतदानको पहिलो दिन हतियारधारीहरूले मणिपुर राज्यका करिब तीन हजार मतदान केन्द्रमध्ये ११ को चुनावी मेसिनमा क्षति पुऱ्याएपछि भारतीय निर्वाचन अधिकारीहरूले ती मतदान केन्द्रको परिणामलाई रद्द गरेका थिए ।

राज्य अधिकारीहरूका अनुसार कम्तीमा ६ वटा मतदान केन्द्रमा सशस्त्र व्यक्तिहरूले मत हाल्न प्रयोग गरिने इलेक्ट्रोनिक भोटिङ मेसिन तोडेका थिए । सन् २०२३ देखि मणिपुर राज्य दुई प्रमुख जातीय समूहबिचको जातीय हिंसाले आक्रान्त छ । भीडले गाउँहरूमा तोडफोड गर्दै आगो लगाएपछि करिब दुई सय मानिस मारिएका छन् भने ६० हजारभन्दा धेरै विस्थापित भएका छन् ।

क्रिस्चियन कुकीहरूले कुकी तथा अन्य जनजाति समूह बसोबास गर्ने पहाडहरूमा जग्गा किन्न दिने विशेष दर्जाका लागि अधिकांश हिन्दू मेइटीहरूको मागको विरोध गरेपछि अशान्ति भड्किएको थियो । म्यान्मासँगको भारतको सीमामा रहेका पहाडहरूमा ३७ लाख मानिस बसेको राज्य मणिपुरमा सेनाको उपस्थिति भए पनि झडपहरू भइरहेका छन् ।

भारतमा लोकसभाको निर्वाचन शुक्रबारदेखि सुरु भएको छ । निर्वाचनमा २१ राज्यका लाखौँ मतदाताले मत खसालेका छन् । ६ सातासम्म चल्ने बहुचरणको निर्वाचनमा भाजपा र प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो सिधा कार्यकालको खोजीमा हिन्दू राष्ट्रवादलाई मूलधार बनाएका छन् । मतगणना जून ४ मा हुनेछ ।

मुख्य विपक्षी काङ्ग्रेस पार्टीले शुक्रबार मणिपुरमा मतदानमा धाँधली भएको भन्दै ४७ मतदान केन्द्रमा पुनः मतदानको माग गरेको थियो । यसअघि सोही दिन मणिपुरमा सशस्त्र समूहरूबिच झडप भएको थियो । हिंसा भए पनि उक्त राज्यमा ६६ दशमलव पाँच प्रतिशत मतदान भएको छ । मणिपुरका अन्य भागमा अप्रिल २६ मा दोस्रो चरणको मतदान हुनेछ ।

# इजरायली युद्ध क्याबिनेटद्वारा गाजाका बन्दीहरूलाई मुक्त गर्नेबारे छलफल

तेलअविव (इजरायल), २२ अप्रिल (एएनआई) । इजरायली युद्ध क्याबिनेटको गाजामा रहेका बाँकी बन्धकहरूको रिहाइको प्रयासबारे छलफल गर्न आइतबार बैठक बसेको एक इजरायली अधिकारीलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ ।

चार सदस्यीय युद्ध क्याबिनेटमा प्रधानमन्त्री बेन्यामिन नेतान्याहु, रक्षामन्त्री योव ग्यालेन्ट र नेसनल युनिटी पार्टीका अध्यक्ष बेनी गान्ट्ज रहनुभएको छ ।

यहुदीहरूको पर्व पासओभर मनाउने सन्दर्भमा इजरायली सरकारको प्रेस कार्यालयले आइतबार जारी गरेको भिडियोमा नेतान्याहूले भने, "सोमबार पनि हाम्रा एक सय ३३ जना भाइबहिनीहरू बन्धकका रूपमा हमासको नरकमा कैद छन् ।"

उनले बन्धक सम्झौताको प्रस्तावलाई हमासले 'पूर्णरूपमा' अस्वीकार गरेको आरोप लगाए । साथै उनले इजरायलले चाँडै थप र पीडादायी प्रहार गर्ने घोषणा गर्दै हमासमाथि 'सैन्य र राजनीतिक दबाब' बढाउने बताए ।

हप्तौँदेखि अन्तर्राष्ट्रिय मध्यस्थकर्ताहरूले युद्धविराम र बन्धक सम्झौताबारे वार्तालाई सहज बनाउने प्रयास गरे पनि वार्ताबाट कुनै स्पष्ट सफलता हासिल भएको छैन ।

यसै महिनाको प्रारम्भमा हमासले युद्धविराम सम्झौताको पहिलो चरणस्वरूप ४० इजरायली बन्धकको पहिचान गर्न नसकेको सङ्केत दिएको इजरायली स्रोतलाई उद्धृत गर्दै सिएनएनले बताएको छ ।

वार्ताकारहरूले निर्धारण गरेको ढाँचाअनुरूप हमासले युद्धको पहिलो छ साताको युद्धविराममा सबै महिला, बिरामी तथा वृद्धवृद्धासहित ४० जनालाई मुक्त गर्नुपर्नेछ । बदलामा इजरायलले सयौँ प्यालेस्टिनी कैदीहरूलाई रिहा गर्नुपर्नेछ ।

टाइम्स अफ इजरायलको रिपोर्टअनुसार इजरायल र हमासबिच जारी द्वन्द्वका बिच इजरायल रक्षा बल (आइडिएफ) का चिफ अफ स्टाफ लेफ्टिनेन्ट जनरल हर्जी हलेवीले आइतबार बेर्शेबामा दक्षिणी कमान्ड मुख्यालयमा युद्ध योजनालाई मञ्जुरी दिनुभएको छ ।

यसैबिच इजरायली सैनिकहरूले वेस्ट बैङ्कको नजिकैको नुर अल-साम्स शरणार्थी शिविरमा दुई दिने अपरेसन सम्पन्न गरेको आइडीएफलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ ।

प्यालेस्टिनी स्वास्थ्य मन्त्रालय र आधिकारिक समाचार एजेन्सी वाफालाई उद्धृत गर्दै इजरायली सेनाको अपरेसनमा एक बच्चासहित कम्तिमा १४ जनाको मृत्यु भएको बताइएको छ ।

साथै आठ जना प्यालेस्टिनीहरूलाई पक्राउ गरिएको छ ।

# इन्टेलद्वारा विश्वको सबैभन्दा ठुलो न्युरोमोर्फिक प्रणाली' निर्माण

लस एन्जलस, २२ अप्रिल (सिन्ह्वा) । इन्टेलले भविष्यको मस्तिष्कबाट प्रेरित कृत्रिम बौद्धिकता (एआई) को अनुसन्धानलाई समर्थन गर्न विश्वको सबैभन्दा ठुलो 'न्यूरोमोर्फिक प्रणाली' निर्माण गरेको छ ।

कोड-नाम 'हाला प्वाइन्ट' रहेको ठुलो स्केलको न्यूरोमोर्फिक प्रणाली सुरुमा न्यूमेक्सिकोको सान्डिया राष्ट्रिय प्रयोगशालाहरूमा तैनाथ गरिएको थियो । यसले सूचना प्रशोधनमा मानव मस्तिष्कको नक्कल गर्दछ ।

हाला प्वाइन्टले १० गुणा बढी न्यूरोन क्षमता र १२ गुणा उच्च कार्यसम्पादन हासिल गर्न वास्तुकलामा सुधार तथा इन्टेलको पहिलो पुस्ताको ठुला-ठुला अनुसन्धान प्रणाली 'पोहोइकी स्प्रिङ्स'लाई अगाडि बढाउँछ ।

स्यान्डिया राष्ट्रिय प्रयोगशालाका अन्वेषकहरूले उन्नत ब्रेन-स्केल कम्प्युटिङ अनुसन्धानका लागि हाला पोइन्ट प्रयोग गर्ने योजना बनाएका छन् । यो उपकरण भौतिकी, कम्प्युटर वास्तुकला, कम्प्युटर विज्ञान र सूचना विज्ञानमा वैज्ञानिक कम्प्युटिङ समस्याहरू समाधान गर्नमा केन्द्रित रहने छ ।

न्यूरोमोर्फिक कम्प्युटिङ ल्याब इन्टेलका निर्देशक माइक डेभिसले भन्नुभयो, "सोमबार एआई मोडेलहरूको कम्प्युटिङ लागत दिगो दरमा बढ्दै गएको छ । उद्योगलाई आधारभूतरूपमा मापन गर्न सक्षम नयाँ दृष्टिकोण चाहिन्छ । हामीले हाला पोइन्ट विकास गरेका छौँ, यसले आदर्श मस्तिष्क-प्रेरित सिकाइ दक्षता संयोजन गर्दछ ।"

उहाँले हाला पोइन्टसँगको अनुसन्धानले ठुलो स्तरको एआई प्रविधिको दक्षता र अनुकूलनतालाई अगाडि बढाउने आशा गरिएको बताउनुभयो ।

## विश्व सङ्क्षेप

### भारतमा सवारी दुर्घटना हुँदा चारको मृत्यु

पिथौरागढ (भारत), २२ अप्रिल (एएनआई) । सोमबार उत्तराखण्डको पिथौरागढ जिल्लामा सवारी दुर्घटना हुँदा चार जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

अधिकारीका अनुसार सोमबार पिथौरागढ जिल्ला नियन्त्रण कक्षले राज्य विपद् प्रतिक्रिया बल (एसडिआरएफ) लाई अँचोली क्षेत्रको अन्डोली नजिकै पिथौरागढ जिल्लामा गाडी दुर्घटनामा परेको जानकारी दिएको थियो ।

गाडीमा विवाह समारोहमा सहभागी भएर घर फर्किरहेका आठ जना सवार थिए । गाडीले नियन्त्रण गुमाई बाटोबाट दुई सय मिटर गहिरो खाडलमा खस्दा दुर्घटनाग्रस्त भएको अधिकारीहरूले जनाएका छन् ।

दुर्घटनाको सूचना पाएपछि एएसआई सुन्दर सिंह बोराको नेतृत्वमा एसडिआरएफ टोली तुरुन्तै दुर्घटनास्थलमा पुगी घाइतेलाई उद्धार गरी अस्पताल पुऱ्याएका थिए ।

घटनास्थलमा एसडिआरएफ टोलीले स्थानीय प्रहरी र बासिन्दासँग समन्वय गरी मृतक चार जनाको शव जिल्ला प्रहरीलाई हस्तान्तरण गरेको अधिकारीहरूले बताएका छन् ।

### सिङ्गापुर शिखर सम्मेलनमा शिक्षण सुधारका लागि छलफल

सिङ्गापुर, २२ अप्रिल (सिन्ह्वा) । वरिष्ठ शिक्षा अधिकारीहरू र शिक्षक प्रतिनिधिहरूले सोमबारदेखि बुधबारसम्म सिङ्गापुरमा हुने विश्वव्यापी शिखर सम्मेलनमा शिक्षण पेशालाई सुदृढ पार्ने र विद्यार्थीहरूको उपलब्धि बढाउने उपायहरूबारे व्याख्या गर्नेछन् ।

सिंगापुरका शिक्षामन्त्री चान चुन सिङले शिक्षण पेशासम्बन्धी १४ औँ अन्तर्राष्ट्रिय शिखर सम्मेलनको उद्घाटन समारोहमा भन्नुभयो, "प्राविधिक आविष्कार र जीवनभर सिकाइको आवश्यकता लगायतका आधारभूत परिवर्तनहरूले आगामी वर्षहरूमा शिक्षालाई आकार दिनेछ ।"

उहाँले शिक्षा क्षेत्रलाई सिकाइको विज्ञानलाई अँगाल्न, सिकाइका लागि बलियो सामाजिक र पारिवारिक वातावरण निर्माण गर्न टीवाइएफ मागसँग मेल खाने भविष्यका सीपहरू पहिचान गर्न आह्वान गर्नुभयो ।

'पुनःपरिकल्पना गर्ने शिक्षा, सम्भाव्यताको अनुभूति' भन्ने विषयवस्तुमा रहेको कार्यक्रममा सिकाइको भविष्य, शिक्षा र व्यावसायिक तालिमलाई रूपान्तरण गर्न प्रविधिको भूमिका र जीवनका लागि सिकाइलाई सहयोग गर्न साझेदारीको महत्त्वलगायतका विषयमा छलफल भएका छन् ।

शिखर सम्मेलनमा एसिया, युरोप, उत्तर अमेरिका र ओशिनियाका १८ वटा प्रतिनिधिमण्डलका शिक्षा अधिकारी, शिक्षक सङ्घका प्रमुख र शिक्षक नेताहरू सहभागी छन् । कार्यक्रममा प्रतिनिधिहरूले सिङ्गापुरका प्राथमिक र माध्यमिक विद्यालयहरू, उच्च शिक्षा संस्थानहरू र अन्य प्रशिक्षण संस्थाहरूको भ्रमण गर्नेछन् ।

# चीनमा आँधीका कारण ११ जना बेपत्ता

पेइचिङ, २२ अप्रिल (एएफपी) । दक्षिणी चीनमा आँधीबेहरीका कारणले एघार जना बेपत्ता हुनुका दशौँ हजारलाई प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएको राज्य मिडियाले सोमबार जनाएको छ ।

पछिल्लो समयमा चीनको दक्षिणी प्रान्त गुआङ्गडोङमा भारी वर्षा भएकाले नदीहरूको सतह बढ्दा गम्भीर बाढीको त्रास बढेको छ । यस्तो 'शताब्दीमा एक पटक मात्र' हुने राज्य मिडियाले बताएको छ ।

गुआङ्गडोङका धेरै भागमा लगातारको भारी वर्षाले ११ जना बेपत्ता भएको स्थानीय आपत्कालीन व्यवस्थापन विभागलाई उद्धृत गर्दै राज्य समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ । बाढीको जोखिमबाट बचाउन ५३ हजारभन्दा बढी मानिसलाई स्थानान्तरण गरिएको एजेन्सीले जनाएको छ ।

तीमध्ये ४५ हजारभन्दा बढीलाई उत्तरी गुआङ्गडोङ सहर किङयुआनबाट विस्थापित गरिएको थियो । उक्त सहर फराकिलो नदी डेल्टामा सहायक नदी बेई नदीको किनारमा फैलिएको छ ।

सोमबार पनि भारी वर्षा जारी रहने अनुमान गरिएको छ । मौसम विज्ञान अधिकारीहरूले 'गुआङ्गडोङको तटीय पानीमा आँधीबेहरी र तीव्र हावा' हङकङ र शेन्जेनलगायत प्रमुख सहरहरूको सिमानामा रहेको समुद्री क्षेत्रमा रहेको पूर्वानुमान गरेका छन् ।

फुजियान, गुइझोउ र गुआङ्सीलगायत छिमेकी प्रान्तहरू पनि 'अल्पकालीन भारी वर्षा' बाट प्रभावित हुने राष्ट्रिय मौसम विज्ञान केन्द्रले जनाएको छ । गुआङडोङ चीनको सघन जनसङ्ख्या भएको प्रान्त हो । यहाँ करिब १२ करोड ७० लाख मानिस बस्छन् ।

जियाङवान सहरमा भारी वर्षाका कारण भूस्खलनमा छ जना घाइते भएका छन् भने धेरैजना प्रभावित भएका छन् ।

राज्य प्रसारणकर्ता सिसिटिभीको तस्बिरहरूमा खैरो माटोको पर्खालले घरहरू ध्वस्त पार्दा मानिसहरू प्रवाभित भई सार्वजनिक खेलकुद कोर्टमा शरण लिइरहेको देखाइएको छ ।

पर्ल नदीको सहायक नदीहरूमा सोमबार बिहान चेतावनी सीमाभन्दा पाँच दशमलव आठमाथि बाढी आउने सिसिटिभीले रिपोर्ट गरेको छ ।

# प्रतिशोध होइन, न्यायको आशमा छन् द्वन्द्वपीडित

काठमाडौँ। "मलाई यो कुरा पटक-पटक नसम्झाइदिए हुन्थ्यो।" सशस्त्र द्वन्द्वकालीन समयका पीडितहरू ती घटना सम्झँदा अहिले पनि भावुक हुन्छन्। विसं २०५८ मा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को आन्दोलनमा जोडिन पुगेका गोरखाका कुमार ढकाल नेपाली सेनाको हिरासतमा परेपछि अहिलेसम्म बेपत्ताको सूचीमा छन्।

बीस वर्षसम्म छोराको अत्तोपत्तो नभएपछि ८५ वर्षीय पिताले आश मारेर आफ्नो जीवन छँदै कुमारको अन्त्येष्टिसहितका संस्कारका कार्य होस् भन्ने चाहना राखेपछि उनका दाइ रामबाबुले पिताको इच्छा पूरा गरिदिए। कानुनीरूपमा कुमारको स्थितिबारे कुनै पुष्टि नभए पनि परिवारले अन्त्येष्टि गरेपछि वार्षिक श्राद्ध गर्न तथा सम्पत्ति हस्तान्तरण आदि गर्न भने बाटो खुलेको छ।

यस्तै, नुवाकोटकी विमला रिमालले सशस्त्र युद्धकालमा आफ्ना पति नवराज रिजाल प्रहरीमा कार्यरत रहँदा बेपत्ता भई हालसम्म पत्तो नभएको स्थितिमा विभिन्न निकाय र सरोकार भएका संस्थामा पुगेर न्यायका लागि आग्रह गर्दै आउनुभएको छ। तत्कालीन विद्रोही पक्षबाट पति बेपत्ता बनाइएपछि आफू एकल भएर काठमाडौँमा चालक सहयोगी भएर साना दुई सन्तानलाई हुर्काउँदा राज्य र समाजबाट कुनै सहयोग नपाइएको उहाँको दु:खेसो छ।

यी त केही प्रतिनिधि पात्रमात्र हुन्। द्वन्द्वपीडित महिला सञ्जालका अध्यक्ष सिर्जना श्रेष्ठ द्वन्द्वकालका पीडित परिवारका यस्ता कथाव्यथा अनगिन्ती रहेको जनाउँदै यस्ता घटनामा प्रतिशोध साँध्ने मनसायमा आफूहरू नरहेको बरु सत्य, तथ्य पत्ता लागोस् र कानुनबमोजिम न्याय निरूपणका साथै आगामी दिनमा यस्ता घटना नदोहोरियोस् भन्ने चाहेको बताउनुहुन्छ। द्वन्द्वपीडित विभिन्न सञ्जालले शान्तिपूर्ण धर्ना, विभिन्न दबाब र वकालतका माध्यमबाट आफूहरूलाई न्याय दिन माग गर्दै आएका छन्।

नेपालको संविधानले सुनिश्चित गरेका मौलिक हकहरूले द्वन्द्व र त्यसपछिको सङ्क्रमणकालीन अवस्थामा महिला र बालिकाको अधिकारको सुरक्षाका साथै महिला हिंसा रोकथाम गर्ने विषयलाई प्राथमिकताका साथ सम्बोधन गरेको छ। संविधानले लैङ्गिक भेदभावबिना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक, धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणविरूद्धको हक, समानता, सामाजिक पुन:स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक, पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हकको व्यवस्था गरेको छ।

नेपाल सरकारबाट द्वन्द्वकालीन समयका घटनाहरूको उजुरी, अनुसन्धान, मेलमिलाप र अभियोजनका विविध पक्षमा सरकारसमक्ष सिफारिस गर्न 'बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१' बमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भएका थिए। द्वन्द्वको समयमा मानव अधिकारको गम्भीर उल्लङ्घन गरेका तथा मानवताविरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, घटनाबाट पीडित व्यक्तिलाई न्याय प्रदान गर्न र समाजमा मेलमिलापको वातावरण तयार गर्ने उद्देश्यका लागि ती आयोग गठित भएका थिए। कानुन संशोधनको अभावमा अहिलेसम्म आयोग गठनका ती उद्देश्यपूर्ति हुन सकेका छैनन्। ऐनमा तेस्रोपटक संशोधनका लागि प्रतिनिधिसभामा २०७९ फागुन २५ गते विधेयक दर्ता भएको थियो। विधेयकमा सशस्त्र द्वन्द्वकालमा 'गम्भीर मानवअधिकारको उल्लङ्घन' भन्नाले कस्तो अवस्थालाई मान्ने तथा पीडित वा पीडकले मेलमिलापका लागि निवेदन दिएमा मेलमिलाप गराउने वा मुद्दा चलाउने भन्नेबारेमा दलहरूबिच विवाद कायमै देखिएको छ।

सो विधेयक प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा विचाराधीन रहेको छ। समितिको उपसमितिले विधेयकमाथि गत असोज २० गते प्रतिवेदन बुझाइसकेको छ। विधेयकमा मिल्न बाँकी मुख्य विषयमा अन्तर्राष्ट्रिय अभ्यास, सर्वोच्च अदालतको आदेश र पीडितकेन्द्रित भएर सम्बोधन निकाल्न संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरसको नेपाल भ्रमणको समयमा पनि उच्च राजनीतिक तहमा छलफल भएको थियो तर दलहरू सहमतिमा पुगेका छैनन्। सहमति हुन नसके मतदानबाट भए पनि विधेयकलाई पारित गर्नुपर्ने अधिकारकर्मीको भनाइ रहेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले तिनै आधारमा विधेयकमा सहमति जुटाउन प्रमुख दलका नेताहरूसँग विभिन्न चरणमा छलफल गर्दै आउनुभएको छ।

सरकार र तत्कालीन विद्रोही माओवादीबिच २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता भए पनि हालसम्म सङ्क्रमणकालीन न्यायले पूर्णता नपाउँदा ढकाल, रिजाल परिवारजस्ता द्वन्द्वपीडित परिवार सङ्गठित हुँदै राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा आफ्ना आवाज प्रस्तुत गर्न विवश भएका छन्। उही पीडाका कुरा पटकपटक उठाउँदा उनीहरू थकित हुन थालेका छन्। अर्कोतिर यस क्षेत्रमा काम गर्ने सरकारी र गैरसरकारी क्षेत्रका प्रतिनिधि तथा सञ्चारकर्मीले विभिन्न प्रश्नावली अगाडि तेर्स्याउँदा उनीहरूलाई पीडामाथि पीडाको अनुभूति हुने गरेको छ।

कानुन संशोधनको अभावमा बेपत्ता व्यक्तिहरूको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग पदाधिकारीबिहीन छन्। भर्खरै सरकारले यी दुई आयोगमा पदाधिकारी नियुक्तिका लागि प्रक्रिया अघि बढाएको छ। ती आयोगलाई पर्याप्त अख्तियारी, जनशक्ति र कारबाहीको स्पष्ट प्रक्रियाको अभाव रहेको छ। सत्य निरूपण तथा मेलमिलाप आयोगमा ६३ हजार सात सय १८ र बेपत्ता व्यक्तिहरूको छानबिन आयोगमा दुई हजाार पाँच सय उजुरी दर्ता भएका छन्।

'नेपालको सङ्क्रमणकालीन अवरोध र आगामी बाटो' विषयक 'साथी' संस्थाले हालै गरेको एक अध्ययनले द्वन्द्व प्रभावितहरूका विविध समस्या र समाधानको उपाय सिफारिस गरेको छ। 'ग्लोबल नेटवर्क अफ वुमन पिसबिल्डर्स' (जीएनडब्लुपी) सँगको सहकार्यमा अध्ययनले शान्ति सम्झौता भएको १८ वर्षसम्म सङ्क्रमणकालीन न्यायले टुङ्गो पाउन नसक्दा पीडितहरूमा थकान अनुभूति भइसकेको, राजनीतिप्रतिको विश्वास कमजोर भएको र पीडितमाथि पीडा दिने कार्य भएको उल्लेख गरिएको छ।

अध्ययनले सङ्क्रमणकालीन न्याय संयन्त्र र महिला, शान्ति र सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजनाहरूबिचका सम्बन्धको विश्लेषण गरी नेपालको समग्र सङ्क्रमणकालीन न्याय प्रक्रियाप्रति द्वन्द्वपीडितको धारणा, वास्तविकता र अपेक्षाहरूको मूल्याङ्कन गरेको छ। अनुसन्धानले वास्तविक द्वन्द्वपीडितको उचित पहिचान सुनिश्चित गर्ने र सरकारले मान्यता प्राप्त परिचयपत्र वितरण गर्ने महत्त्वलाई जोड दिएको छ।

द्वन्द्वबाट प्रभावित महिला तथा बालिकाका लागि अन्तरिम राहत र प्रभावकारी उपचारको सुनिश्चतता गर्न सुझाएको छ। खासगरी द्वन्द्व सम्बन्धित यौन हिंसासम्बन्धी मुद्दा दायर गर्न तीन महिनाको वैधानिक सीमा बढाउन सिफारिस गरेको छ। अनुसन्धानका टोली प्रमुख एवं राष्ट्रसङ्घीय सिड कमिटीका सदस्य वन्दना राणा अध्ययनका निचोडलाई गम्भीरतापूर्वक मनन गरी राजनीतिक दलका नेता र सांसदले सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई छिटो टुङ्गो लगाउने विश्वास व्यक्त गर्नुभयो। उहाँले अध्ययनको नतिजाले सरोकारवालालाई यसका बाधाहरूबारे चिन्तन गर्न र सिफारिसमा विचार गर्न प्रेरित गर्नाका साथै सङ्क्रमणकालीन न्याय प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन, पीडित र राज्यका संयन्त्रका लागि विजयी अवस्था सिर्जना गर्न र अन्तत: देशमा दिगो शान्ति कायम गर्न मद्दत गर्ने बताउनुभयो।

सङ्क्रमणकालीन न्यायका अध्येता चिरञ्जीवी भण्डारीले राजनीतिक इच्छाशक्ति, आपसी विश्वास, सुरक्षा, स्रोतसाधन, पारदर्शी सोच, पीडितकेन्द्रित भावना, विज्ञता अभाव आदि कारणले यो विषय लामो समयसम्म टुङ्गो लाग्न नसकेको बताउनुभयो। भण्डारीले भन्नुभयो, "न्यायलाई टुङ्गोमा लान पीडितहरू क्षमादान गर्न पनि तयार हुन सक्छन्। तर, उनीहरू घटनालाई पूरै बिर्सना या यत्तिकै छाड्न तयार छैनन्।" यस्तै अनुसन्धानकर्ता तृष्णा थापा पीडितहरूमा निराशाको तह धेरै भए पनि उनीहरूमा न्यायको आशा मरिनसकेकाले राजनीतिक नेतृत्वबाट यस पक्षको सम्बोधन हुनुपर्ने बताउनुहुन्छ।

संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले पारित गरेका प्रस्तावहरू १३२५ र १८२० ले उल्लेख गरेका महिला, शान्ति तथा सुरक्षासम्बन्धी सवाल सम्बोधन गर्न नेपाल सरकार गृह मन्त्रालयले दोस्रो राष्ट्रिय कार्ययोजना तर्जुमा गरेको छ। विशेषगरी, महिलाले द्वन्द्वको मारमा महिला र बालबालिका बढी पर्ने भएकाले हिंसामा परेका, परिवार गुमाएका, जनजीवन र व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित भएकाहरूलाई यो कार्ययोजनाले समेटेको छ। यी प्रस्तावले निवारण, सहभागिता, संरक्षण, राहत तथा पुनर्लाभका क्षेत्रहरू अँगालेको छ। नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कार्यक्रम तथा संरचनासमेतमा यी प्रस्तावका विषयवस्तुलाई आन्तरिकीकरण तथा मूलप्रवाहीकरण गर्न दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) को ल्याइएको गृह मन्त्रालयले जनाएको छ।

राष्ट्रसङ्घको सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ ले विश्वभरि महिला तथा किशोरीमाथि द्वन्द्वले पारेका असर सम्बोधन गर्न र शान्तिवार्ता, शान्ति स्थापना र द्वन्द्वोत्तर पुनर्निर्माण प्रयाससहित शान्ति निर्माणका प्रयासमा महिलालाई योजनाबद्ध ढङ्गले समावेश गर्न सबै राष्ट्रलाई आह्वान गरेको छ। यस्तै, प्रस्ताव नं. १८२० ले द्वन्द्वसँग सम्बन्धित यौन हिंसालाई द्वन्द्वरत पक्षहरूले सैन्य वा राजनीतिक उद्देश्य पूरा गर्न युद्ध-नीतिको रूपमा प्रयोग गर्ने र त्यसले दण्डहीनता निम्त्याउने सवाललाई सम्बोधन गर्न निर्देश गरेको छ।

ती प्रस्तावको कार्यान्वयनको क्रममा द्वन्द्वका साथै द्वन्द्व र द्वन्द्वोत्तर अवस्थामा महिला र किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसाको निवारण, शान्ति र सुरक्षासम्बन्धी निर्णय प्रक्रियाका सबै तहमा महिलाको समान सहभागिता र लैङ्गिक समानता अहिलेको चासो हो। द्वन्द्वको अवस्थामा महिला तथा किशोरी सबै प्रकारका यौन र लैङ्गिकतामा आधारित हिंसाबाट सुरक्षित गरी द्वन्द्वपछि राहतसम्बन्धी महिलाका खास आवश्यकता पूरा गर्न नेपाल सरकार, गृह मन्त्रालयले बनाएको कार्ययोजनामा रहेका कार्यनीतिको स्थानीय तहबाट प्रभावकारी कार्यान्वयन हुने हो भने सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन पनि टेवा पुग्नेछ। ***रासस***

# हिमपहिरोले असन्तुलित बनेको वीरेन्द्र ताल सामान्य अवस्थामा फर्कँदै

गोरखा, १० वैशाख। मनास्लु हिमालबाट हिमपहिरो खसेर असन्तुलित बनेको उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-१ स्थित सामागाउँमा रहेको वीरेन्द्र ताल बिस्तारै सामान्य अवस्थामा फर्कन थालेको छ।

आइतबार बिहान ठूलो हिमपहिरो तालमा खसेपछि तालको पानी 'ओभरफ्लो' भएर असन्तुलित बनेको थियो। "हिम पहिरोबाट तालको पानी बाहिर निस्किएर बुढीगण्डकी नदीमा मिसिएको अवस्था थियो", प्रमुख जिल्ला अधिकारी भोला दाहालले भन्नुभयो, "अहिले अवस्था सामान्य रहेको छ, ताल सामान्य अवस्थामा फर्किँदै गइरहेको अवस्था छ।"

उहाँले तालको नजिक बस्ती नभएका कारण हिमपहिरो खसेर असन्तुलित बनेको तालले कुनै ठूलो भौतिक तथा मानवीय क्षति नभएको बताउनुभयो। हिमालबाट तालमा पहिरो खस्ने क्रमसमेत रोकिएको प्रमुख जिल्ला अधिकारी दाहालको भनाइ छ।

प्रमुख जिल्ला अधिकारी दाहालले सुरक्षाकर्मीले तालको पानी गहिरो बनाएर निष्काशन गरेको बताउनुभयो। सम्भावित जोखिम न्यूनीकरणका लागि सुरक्षा निकायलाई सतर्क रहन निर्देशन दिइएको उहाँको भनाइ छ। मनास्लु हिमालको काखैमा रहेको वीरेन्द्र तालमा आइतबार ठूलो हिमपहिरो खसेको थियो।


हिमपहिरो खसेपछि बुढीगण्डकी नदीमा पानीको बहाव बढेकाले जिल्ला प्रशासन कार्यालयले बुढीगण्डकी नदी आसपासका क्षेत्रका बासिन्दालाई सुरक्षित रहन तथा नदी वरपर नजान आह्वान गरेको थियो।

***जीडीपी...***

तुलनात्मक आकारमा कमी ल्याउन्न बरु त्यसमा वृद्धि ल्याउँछ। यस्तो अवस्थामा ज्यालादर बिरलै बढ्छ भने प्रतिव्यक्ति रोजगारीमा कमी आउनाले कामदार जनताको दरिद्रता बढ्दै जान्छ।

भारतीय अर्थतन्त्रमा भइरहेको यही हो। भारतलाई विश्वमा तीव्ररूपमा बढिरहेको अर्थतन्त्र भनिँदै छ। तर, यति नै बेला यो नवउदारवादी युगको पनि मोदी राजमा निरपेक्ष गरिबीमा बाँच्ने भारतीयहरूको सङ्ख्या झन्झन् बढ्दै छ। भारतमा मोदीको युग र नवउदारवादी व्यवस्थाको सङ्कटको चरण आपसमा खप्टिएका छन्। यहाँनिर दुइटा प्रश्न उठ्छन्। पहिलो, जेएस मिलजस्ता उदारवादी चिन्तकले भनेको 'साँचो अभीष्ट' मा ध्यान दिनुको सट्टा विश्वका विभिन्न सरकारले किन जीडीपी वृद्धिको रटान गरिरहेका होलान्? दोस्रो, असमानता र गरिबी दुवै बढिरहेको बेला पनि जीडीपीमा वृद्धि आइरहेको घटनालाई कसरी व्याख्या गर्ने? किनभने, यसरी बढिरहेको अभावले कुल माग घटाउनुपर्ने र वृद्धिदरको घाँटी थिच्नुपर्ने थियो।

पहिलो प्रश्नको सरल उत्तर हो - नवउदारवादी अर्थनीतिले मिलले भनेजस्तो 'साँचो अभीष्ट' सँग कुनै सरोकार राख्दैन। बरु मालसामान, सेवा तथा (वित्तीयलगायत) पुँजीको निर्बाधजसो आवागमन नै यसको विशेषता हो। यसले देशको सीमा मान्दैन। यसकारण, यसले राज्यलाई 'श्रमलाई बढी पुरस्कृत गर्ने' हस्तक्षेपकारी भूमिकामा भन्दा पुँजीको सहायक भूमिकामा सीमित गर्छ। चिन्तक मिलले भनेजस्तो 'अभीष्ट' राख्नुको अर्थ राज्यले श्रमको पक्षमा हस्तक्षेप गर्नु वैध हो भन्नु हुन जान्छ। यसलाई नवउदारवाद घृणा गर्छ। त्यसैले उसले दुईथरी स्वाङ पार्नुपर्छ। पहिलो, आर्थिक वृद्धिले पुँजीको स्वतन्त्रता सुनिश्चित गर्छ। (यसको अर्थ राज्यले पुँजीको हित हेर्छ र पुँजीलाई मलजल गर्छ।) दोस्रो, उच्च जीडीपी वृद्धि हासिल भएपछि स्वचालित ढङ्गले बाँकी सबै 'अभीष्ट' पूरा हुन्छ। यी दुवै दाबी झूटा हुन्। तर, यी दाबी झूटा हुन् भन्ने कुरा महत्त्वपूर्ण होइनन्। बरु मुख्य कुरा के भने यी दाबी नै नवउदारवादी पुँजीवादको विचारधारा वा वैचारिक जग हुन्। अनि भारतजस्ता सरकार अथवा



जोन स्टुआर्ट मिल

अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैङ्कजस्ता संस्थाले यही विचारधारालाई शिरोधार्य गरेका छन्।

दोस्रो प्रश्नको उत्तर के भने वास्तवमा जीडीपीको वृद्धिदरलाई असमानता र गरिबीमा भइरहेको वृद्धिले असर गररिहेको छ। विश्व अर्थतन्त्रको सन्दर्भमा मात्र होइन भारतजस्ता अर्थतन्त्रको हकमा पनि यो कुरा लागु हुन्छ। चरम आर्थिक असमानता उत्पन्न गरेर नवउदारवादी अर्थनीतिले अहिले विश्व अर्थतन्त्रलाई भिरमाथि पुऱ्याइसकेको छ। यसले गर्दा कुल मागमा हुने वृद्धिको घाँटी थिचिएको छ र अति उत्पादनको माहोल पैदा भएको छ।

भारत सरकारका पूर्वमुख्य आर्थिक सल्लाहकार अरविन्द सुब्रमन्यमदेखि अशोक मोदी, पूर्व मुख्य तथ्याङ्कशास्त्री प्रण व सेनसम्म सबैले भारतको जीडीपी वृद्धिमा उल्लेख्य अति-आकलन गरिएको स्वीकारेका छन्। यो अति-आकलनका धेरै कारण भएको र सबै कारण केही हदसम्म सही पनि भएको उनीहरूले लेखेका छन्। तर, अति-आकलन भएकै हो भन्ने कुरामा कसैको विमति छैन। तर, प्रश्न उठ्छ - अति-आकलन कति भएको होला? केही लेखकले प्रतिवर्ष २ प्रतिशतका दरले अति-आकलन भएको बताएका छन्। यसलाई सही मान्ने हो भने नवउदारवादी युगमा आएको जीडीपीको वर्तमान वृद्धिदरलाई यसअघिको राज्यनियन्त्रित अर्थतन्त्रको दाँजोमा झिनोमात्र बढेको मान्नुपर्छ। यस्तो प्रगतिलाई के प्रगति भन्नु!

यहाँ हाम्रो सरोकार आर्थिकस्तरको वृद्धिभन्दा पनि जीडीपीको वृद्धिदरमा हो। यद्यपि, आर्थिकस्तरलाई अति-आकलन गरेको खण्डमा समयान्तरमा गरिने कुनै पनि आकलन केही हदसम्म असान्दर्भिक हुन जान्छ। तथापि, भारतको सरकारी आँकडाबाटै अर्थतन्त्रमा आएको सुस्तता देखाउन सकिन्छ। सन २००१-२ देखि सन २०११-१२ बिच भारतीय अर्थतन्त्रमा वास्तविक कुल मूल्यको संयुक्त वार्षिक वृद्धिदर सरकारी आँकडाले नै ६.७ प्रतिशत देखाएको थियो। तर, सन् २०११-१२ देखि सन् २०१९-२० बिच भन्नुको अर्थ कोरोनाको अवधिभन्दा पहिलेको सोही वृद्धिदर घटेर ५.४ प्रतिशत भयो। सन् २०२२-२३ मा अर्थतन्त्रमा अलि सुधार आयो। तर, सन् २०११-१२ देखि सन् २०२२-२३ सम्मको संयुक्त वार्षिक वृद्धिदर फेरि पनि ५.४ प्रतिशत नै रह्यो।

यस्तो सुस्ततालाई नौलो मान्नुपर्दैन। आयको खस्किँदो वितरण वा अतिरिक्त मूल्यको वृद्धिलाई हेर्दा आयमा वृद्धिसँगै कुल मागको वृद्धिमा सुस्तता आउनु स्वाभाविक देखिन आउँछ। रुसी अर्थविद् मिखाइल तुगान-बारानोभ्स्कीले यसको विपरीत तर्क गर्दै माग वृद्धिमा आएको कमीलाई लगानीमा वृद्धि ल्याएर क्षतिपूर्ति गर्न सकिने सम्भावनातिर औँल्याएका थिए। तर, तर्कको तहमा यो सम्भावना देखिए पनि पुँजीवादी अर्थतन्त्रको लगानी मनोदशाले यस्तो हुन देला भनी विश्वास गर्न सकिन्न। किनभने, पुँजीपतिहरूले बजारको सम्भावना भएका क्षेत्रमा मात्र लगानी गर्छन्। निश्चय नै सरकारले अति उत्पादनको स्वाभाविक प्रवृत्तिलाई रोक्न आवश्यक कदम चाल्न सक्छ। तर, नवउदारवादी अर्थनीतिले उसको पखेटा काटेको हुन्छ; वित्तीय घाटा बढाएर र धनीहरूमाथि बढी कर लगाएर विश्वव्यापी वित्तीय पुँजीले सरकारको बाटो अवरुद्ध पार्छ। कुल माग बढाउन सरकारले ठुलो खर्च गर्नुपर्ने हुन्छ र त्यो खर्च केवल यही विश्वव्यापी वित्तले उपलब्ध गराउँछ।

यसकारण, जीडीपी वृद्धिको गुणगान वा पूजा-आराधनाले नवउदारवादी अर्थतन्त्रमा गरिबीलाई बढ्नबाट रोक्न सक्दैन। यस्तो गुणगानले जीडीपी वृद्धिदरलाई सदा कायम राख्न पनि सक्दैन।

***स्रोत : 'एमआर अनलाइन' बाट***
***अनुवाद : सम्यक***

# इलामका विभिन्न ठाउँमा प्रचार अभियान तीव्र



इलाम, १० वैशाख । वैशाख १५ गते इलाम क्षेत्र नं. २ मा हुन गइरहेको उपनिर्वाचनमा नेपाल मजदुर किसान पार्टीको उम्मेदवार श्यामबहादुर दर्जी ( हिमाल) लाई अत्यधिक मतले विजय गराउनको लागि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य उकेश कवांको नेतृत्वमा इलामको विभिन्न क्षेत्रमा घरदैलो कार्यक्रम भइरहेको छ ।

इलाम जिल्ला क्षेत्र नं. २ अन्तर्गत देउमाई नगरपालिका वडा नं. १ राँके बजार, नेपालटार, बाखखोर, देउराली, भालुपानी क्षेत्रमा उम्मेदवार श्यामबहादुर दर्जीका साथमा अपिल वितरण तथा घरदैलो कार्यक्रम सम्पन्न भयो ।

घरदैलो कार्यक्रमसँगै विभिन्न ठाउँमा जुलुस पनि भएको थियो । त्यस्तै मांसेबुङको विभिन्न वडाहरू, माई नगरपालिकाको वडा नं. ६, ७ र ८ वडामा पनि घरदैलो कार्यक्रम सम्पन्न भयो ।

*तराईमा...*

भूभागका उपत्यका तथा खोचमा तापक्रम क्रमिक रूपमा बढ्न सक्ने सम्भावना रहेकोले यस महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अध्यावधिक रहनुहुन अनुरोध छ", बुलेटिनमा उल्लेख छ ।

महाशाखाले तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असर जस्तैः थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने देखिएकाले सोबाट बच्न पनि अनुरोध गरेको छ ।

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटक-पटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिन अनुरोध गरिएको छ ।

# सुर्खेत अलायचौरमा लेनिन जन्म दिवस

सुर्खेत, १० वैशाख । विश्व सर्वहारावर्गका महान् गुरु भी. आई. लेनिनको १५४ औँ जन्म दिवसको अवसरमा प्रवचन कार्यक्रम वीरेन्द्रनगर नपा-९ अलायचौरमा सोमबार सम्पन्न भएको छ ।

प्रवचन कार्यक्रममा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले पुँजीवादी दलहरूले जालझेल गरी जनतालाई दास बनाएको बताउनुभयो ।

दासतालाई तोडेर अधिकारका लागि सङ्गठित हुन आग्रह गर्दै उहाँले समाजवादी व्यवस्थाले मात्र बहुमत कामदार जनताको हित हुने चर्चा गर्नुभयो

लनिनले रुसमा समाजवादी क्रान्तिको नेतृत्व गरी संसारका कामदारवर्गलाई ऊर्जा र हौसला प्रदान गरेको उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापाले युवाहरूको हरेक परिवर्तनमा महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य प्रेम थापा, नेपाल क्रान्तिकारी शिक्षक सङ्घ केन्द्रीय सदस्य इन्द्रप्रसाद न्यौपाने, नेपाल मजदुर किसान पार्टी सुर्खेतका पूर्वसचिव धनेन्द्र बिक, नेपाल क्रान्तिकारी महिला सङ्घ सुर्खेतका अध्यक्ष तुलसी खड्का, नेक्राशिसङ्घका लोकप्रसाद आचार्य, अम्बर भण्डारी, अङ्गबहादुर शाही, मनबहादुर विक, कानुन अध्ययन समाजका सदस्य टीकाप्रसाद पोखरेललगायत वक्ताहरूले बोल्नुभएको थियो ।

नेपाल मजदुर किसान पार्टी वीरेन्द्रनगर नगर समितिको आयोजनामा सम्पन्न कार्यक्रमको अध्यक्षता समितिका अध्यक्ष शेरबहादुर शाहीले गर्नुभएको थियो ।

# संयुक्त राष्ट्रसङ्घका सहायक महासचिवसहित ३५ देशका प्रतिनिधि नेपाल आउँदै

काठमाडौँ, १० वैशाख (रासस) । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम ( यूएनडीपी) को एसिया प्यासिफिक क्षेत्रका ३५ देशका आवासीय प्रतिनिधिहरू नेपाल आउने हुनु भएको छ । उहाँहरू वैशाख १७ गते काठमाडौँ आइपुग्नु हुनेछ ।

युएनडीपीको एसिया प्रशान्त क्षेत्रको बैठकका लागि उहाँहरू काठमाडौँ आउन लाग्नुभएको हो । बैठकका लागि संयुक्त राष्ट्रसङ्घकी सहायक महासचिव एवं यूएनडीपीकी एसिया प्रशान्त क्षेत्रका लागि क्षेत्रीय निर्देशक कन्नी विग्नाराजा पनि नेपाल आउनु हुनेछ । त्यस क्रममा विग्नाराजाले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', अर्थमन्त्री वर्षमान पुन र ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतलगायतसँग शिष्टाचार भेट गर्नुहुने जनाइएको छ ।

यस्तै, विग्नाराजासहितको टोलीले सोलुखुम्बु क्षेत्रको भ्रमणमा गर्नेछ । त्यहाँ इम्जा ताल निरीक्षण गर्ने कार्यक्रम छ । युएनडिपीले इम्जामा हिमताल फुट्न सक्ने सम्भावनालाई दृष्टिगत गर्दै उक्त जोखिम घटाएको थियो । तालभन्दा तल्लो भेगमा रहेका बस्तीको सुरक्षाका लागि यूएनडीपीले तालभित्र जमेको हिउँ बाहिर निकालेर तालको गहिराइ बढाएको थियो । यस्तै, यूएनडीपीले दोलखाको उत्तरी क्षेत्रस्थित रोल्वालिङ उपत्यकामा रहेको नेपालको सबैभन्दा ठुलो हिमताल च्छोरोल्पाको फुट्न सक्ने जोखिम पनि घटाएको थियो । आगामी दिनमा त्यस्तै जोखिममा रहेकामध्ये सुनकोशी बेसिनका तीन र गण्डकी बेसिनका एक तालको जोखिम घटाउने योजना रहेको लाबेले बताउनुभयो ।

भेटमा लाबेले यूएनडीपीले नेपालको गरिबी निवारण तथा स्वास्थ्य क्षेत्रमा गरिरहेको कामबारे स्मरण गर्दै 'ग्लोबल ग्रिन क्लाइमेट फन्ड'को कार्यक्रम नेपालमा लागू गर्न लागेको जानकारी दिनुभयो ।

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### अनिवार्य शिक्षा शिविरसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायअनुसारको मिति, समय र स्थानमा **अनिवार्य शिक्षा शिविर** हुने भएकोले सम्बन्धित सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**कार्यक्रम**

**मिति** : २०८१ वैशाख १५ गते, शनिबार
**समय** : बिहान ७:०० बजे
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

शिक्षा उपसमिति

### गतिविधि





युवा उपसमितिको आयोजनामा सम्पन्न युवा लक्षित अन्तरक्रिया कार्यक्रममा आफ्नो मन्तव्य राख्नुहुँदै संस्थाका उपाध्यक्ष विष्णुराम दुमरु र कार्यक्रम सहजीकरण गर्नुहुँदै नेफ्स्कुनका वरिष्ठ कार्यक्रम अधिकृत प्रेमनाथ वाग्ले । वैशाख ८





युवा उपसमितिको आयोजनामा सम्पन्न ४५ दिने मादल प्रशिक्षणको शुभारम्भ कार्यक्रममा प्रशिक्षक रवि कपालीलाई मादल हस्तान्तरण गर्दै संस्थाका उपाध्यक्ष विष्णुराम दुमरु तथा सहभागी प्रशिक्षार्थीहरू । वैशाख ६

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

ACCESS BRONZE

चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रयातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

## हार्दिक समवेदना



जन्म: २०२२/१०/०८
निधन: २०८०/१२/०४

भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ८ जैँला टोल बस्ने यस संस्थाका सदस्यता नं. **१७५०५** का सदस्य **राधेश्याम न्हेमाफुकी**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

### सिलबन्दी दरभाउपत्र/बोलपत्र E- Bidding आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०१/११ गते

भक्तपुर नगरपालिकाबाट वडा नं. ८ लर्केस्थित फोहरमैला प्रशोधन केन्द्रमा CNBM प्रविधिबाट कम्पोष्ट मल तयार गर्न आवश्यक देहायका कच्चा पदार्थहरू खरिद गर्नुपर्ने भएकोले इच्छुक उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताहरूले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी दरभाउपत्र e-Gp System को माध्यमबाट Bid Submission गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp वा कार्यालयमा सम्पर्क राख्नुहुनसमेत सूचित गरिन्छ ।

तपसिल

| ठेक्का नं. | विवरण | परिमाण | बोलपत्र दस्तुर रकम रु. | बोलपत्र जमानत /धरौटी रकम रु. | बोलपत्र पेस गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| BKT MUN/ GOODS /SQ/04/080/081 | सुली (केइलर/लोकल कुखुराको) | ७०० के.जी. | १,०००।०० | ५०,०००।०० | ०८१/०१/२६ ११:०० बजेसम्म |
| | ढुङ्ढो (ननस्टिम) | ८०० के.जी | | | |
| | रातोमाटो | १,००,००० के.जी. | | | |
| | तोकोजाई | २५,००० के.जी | | | |

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा